म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २३१ मंगलवार २१ चैत २०७९ ने. सं. ११४३ चौलाथ्व 4 April 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

नयाँवर्षमा खुला दौड

हेटौंडा, २० चैत/विगतका वर्षमा जस्तै आगामी वैशाख १ गते हेटौंडामा खुलादौड प्रतियोगिता हुने भएको छ । नेपाल तरुण दल वडा नम्बर ६ कार्यसमिति हेटौंडा उपमहानगरपालिकाको आयोजनामा नयाँवर्ष २०८० सालको अवसरमा प्रतियोगिता गर्न लागेको तरुण दल वडाका अध्यक्ष कमल कोइरालाले बताए ।

हेटौंडा-६ चौघडामा हुने प्रतियोगितामा ५ किलोमिटर खुलादौड रहने छन् । सहभागिता जनाउन नागरिकता प्रतिलिपि एक थान र २ सय दर्ता शुल्क लाग्ने अध्यक्ष कोइरालाले बताए । प्रतियोगितामा प्रथम हुनेले १५ हजार, द्वितीय हुनेले १० हजार र तृतीय हुनेले ५ हजार नगद सहित प्रमाणपत्र प्रदान गरिने कोइरालाले जानकारी दिए ।

'बाहिरी सहकारीको शाखाले हेटौंडामा अप्ठेरो'

साझाकुरा संवाददाता

हेटौंडा, २० चैत/मकवानपुर भन्दा बाहिरी जिल्लामा दर्ता भई हेटौंडामा शाखाको रुपमा सञ्चालित सहकारीको कार्यबाट स्थानीय सहकारीलाई अप्ठेरो परेको जनाइएको छ ।

हेटौंडामा सोमबार ६६ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा आयोजित सभालाई सम्बोधन गर्दै सरोकारवाला निकायका प्रतिनिधिहरुले बाहिरी सहकारीको शाखाबाट सम्पादन भएका कार्यले स्थानीय सहकारीको विश्वसनीयता बारे प्रश्न उठेको बताएका छन् । भक्तपुरमा दर्ता भई हेटौंडामा शाखा खोलेर ३ वर्षदेखि कार्य गरिरहेको शिवशिखर सहकारी, कृषि सहकारीलगायतले बचतकर्ताको रकम दुरुपयोग गरेको गुनासो र उजुरी परेको थियो । बाहिरी जिल्लामा दर्ता भएर हेटौंडामा शाखा खोलेका सहकारीको कारण स्थानीय सहकारीप्रति समस्या भएको पाइएको हो । हेटौंडामा सोमबार विभिन्न कार्यक्रम गर्दै 'सहकारीको दिगोपनः स्वनियमन र सुशासन' भन्ने नाराका साथ ६६ औं राष्ट्रिय सहकारी दिवस मनाइएको थियो ।

सहकारी दिवसको अक्सरमा सोमबार हेटौंडामा प्रभातफेरी ऱ्याली सहित बजार परिक्रमा गरी सभामा परिणत भएको थियो । ६६ औं राष्ट्रिय सहकारी दिवस मुल समारोह समितिका संयोजक नारायणप्रसाद देवकोटाको सभाध्यक्षता तथा मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेको प्रमुख आतिथ्यतामा सभा भएको थियो । सभामा बोल्दै प्रजिअ पाण्डेले मकवानपुरका सहकारीहरु राम्रो छन् तर, अन्य जिल्लामा दर्ता भएर मकवानपुरमा सेवाकेन्द्र खोली कार्य गरेका सहकारीहरुमा आएको समस्याको असर मकवानपुरका सहकारीहरुलाई परेको बताए । प्रजिअ पाण्डेले लोभ र बढी व्याजदरको प्रलोभनमा नपरी आफ्नै नजिक रहेका सहकारीहरुमा कारोबार गर्न सबै सदस्यहरुलाई आग्रह गरेका छन् ।

उनले सहकारीले राम्रो कामहरु पनि गरिरहेको तर, केही सहकारीले नराम्रो काम गरेमा त्यसले सिंगो सहकारी क्षेत्रलाई असर पर्ने भएकाले सबै सहकारीलाई राम्रो सदस्यमैत्री काम गर्न अनुरोध गरेका हुन् । 'सहकारीले विशेषत गरिबी निवारणको क्षेत्रमा काम गरेर राज्यलाई सहयोग गरिरहेको अवस्थामा सहकारीको स्वनियमन गरी सुशासनमा रही काम गर्दा सहकारी क्षेत्रको विकासले गति लिन्छ', प्रजिअ पाण्डेले भने । उनले सदस्य केन्द्रित र समुदायप्रति चासो राखेर सहकारीले आर्थिक कारोबारको काम गर्नुपर्नेमा पछिल्लो समय सहकारीले गरेको लगानी उत्पादन मूलक क्षेत्रमा नभई अनुत्पादक क्षेत्रमा भइरहेकाले त्यसलाई रोक्न आवश्यक कदम चाल्नुपर्ने बताए ।

कार्यक्रममा बोल्दै पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयका सहकारी महाशाखाका रजिष्ट्रार नारायणप्रसाद ज्ञवालीले सहकारीमा आएका विभिन्न चुनौतीलाई समाधान गर्दै थप व्यवस्थित र प्रभावकारी बनाएर अघि बढ्नुपर्ने बताए । उनले सहकारी दिवसले सहकारीमा भएका समस्या, चुनौतीलाई समाधान गर्न प्रेरणा भिन्नुका साथै अभिप्रेरित गरोस भनी सहकारी दिवस मनाइएको बताए । यसैगरी, सहकारी दिवस मूल समारोह समितिका संयोजक एंव बागमती प्रदेश सहकारी बिकास बोर्डका कार्यकारी उपाध्यक्ष देवकोटाले २०४८/०४९ मा सहकारी नियमावली आएपछि सहकारी क्षेत्रमा सकारात्मक विकास भएको र सहकारी मार्फत् सदस्यहरुको विभिन्न उत्पादन, प्रवर्द्धन र बजारिकरण क्षेत्रमा ठुलो काम भएको बताए ।

उनले राज्यको तीनखम्बे अर्थनीतिमध्ये सहकारीलाई एक खम्बाको रुपमा लिएको अवस्थामा अहिले सहकारी अभियानमा केही समस्या भएता पनि ती समस्यालाई एकजुट भई समाधान गर्न अगाडि बढ्नुपर्ने बताए । कार्यक्रममा प्रदेश दुग्ध विकास बोर्डका उपाध्यक्ष टीकाबल्लभ सापकोटा, राष्ट्रिय सहकारी महासंघका निवर्तमान सञ्चालक बद्रीप्रसाद लम्साल, प्रदेश बचत तथा ऋण सहकारी संघका उपाध्यक्ष कल्पना श्रेष्ठलगायतले सहकारी संस्थाले आफ्ना सदस्यको भावना बुझेर काम गर्नुपर्ने बताए ।

पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयका अधिकृत रोहित पोखरेलले सञ्चालन गरेको कार्यक्रममा केन्द्रीय दुग्ध उत्पादक सहकारी संघका सञ्चालक विदुर हुमागाई, जिल्ला प्रहरी कार्यालय मकवानपुर प्रहरी उपरीक्षक बामदेव गौतम, बागमती प्रदेश सहकारी संघका सञ्चालक मेनुका दाहाल, प्रदेश कृषि सहकारी संघका उपाध्यक्ष बिमला कार्की, हेटौंडा उपमहानगर पालिका सहकारी शाखाका प्रमुख हिमप्रसादप्रसाद पौडेल, मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष हरिप्रसाद कंडेल, मकवानपुर जिल्ला बहुउद्देश्यीय सहकारी संघका अध्यक्ष रामहरि न्यौपानेलगायतको आतिथ्यता थियो ।

कार्यक्रममा प्रभातफेरीमा विभिन्न सूचकहरुमा उत्कृष्ट अंक ल्याएका चारवटा सहकारी संस्थालाई पुरस्कृत समेत गरिएको थियो । प्रथम भई पुरस्कृत हुनेमा महिला एकता बचत तथा ऋण सहकारी संस्था लिमिटेड भीमफेदी-२, द्वितीय हुने बागेश्वरी महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड हेटौंडा-११, तृतीय हुने महिला मिलन बचत तथा ऋण सहकारी संस्था लिमिटेड हेटौंडा-१३ र सान्त्वना हुने साना किसान कृषि सहकारी संस्था मनहरी-८ लाई पुरस्कृत गरिएको छ । साथै, प्रभातफेरीमा विभिन्न झाँकीसहित सांस्कृतिक बाजा प्रदर्शन गरी सहभागी भएकाहरुलाई समेत सम्मान गरिएको थियो ।

सम्मानित हुनेहरुमा नौमति बाजा प्रदर्शन गरी सहभागी हुने साना किसान कृषि सहकारी संस्था मनहरी र चन्द्र सूर्य दुग्ध उत्पादक सहकारी संस्था मकवानपुरगढी-५, खैजडी भजन बाजा प्रदर्शन गरी सहभागी हुने सुपिङ दुग्ध उत्पादक सहकारी संस्था भीमफेदी र तामाङ भेषभुषाका साथ डम्फु बाजा प्रदर्शन गरी सहभागीता जनाउने महिला मिलन बचत तथा ऋण सहकारी संस्था लिमिटेड हेटौंडा-१३ रहेका छन् । ६६ औं राष्ट्रिय सहकारी दिवस मुल समारोह समितिको आयोजनामा विविध कार्यक्रम सहित भएको कार्यक्रममा सहकारी संस्थाहरुको उत्साहजनक सहभागिता रहेको थियो ।

सहकारी दिवस कार्यक्रममा पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय, बागमती प्रदेशको सहयोग र मकवानपुर जिल्ला सहकारी संघ, बचत तथा ऋण सहकारी संघ लिमिटेड, मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघ, मकवानपुर जिल्ला बहुउद्देश्यीय सहकारी संघ लगायतको सहकार्य रहेको थियो ।

हेटौंडाका पाँच वडामा कृतिम गर्भाधान र खोप बन्द

साझाकुरा संवाददाता

हेटौंडा, २० चैत/हेटौंडा उपमहानगर क्षेत्रका विभिन्न वडाहरुमा देखिएको पानीको फोका जस्तो देखिने गरी पशुको छालामा डाबर निस्कने 'लमपी स्किन' खोप नियन्त्रणका लागि प्रभावित क्षेत्रमा कृतिम गर्भाधान र खोप कार्यक्रम बन्द गरिने भएको छ ।

उपमहानगरपालिका कृषि शाखाको समन्वयमा सोमबार बसेको निजी क्षेत्रका पशु प्राविधिकसँगको बैठकले रोग प्रभावित नगरका पाँचवटा वडामा आकस्मिक उपचार सुविधा बोहकका अन्य सबै कार्यहरु बन्द गर्ने निर्णय गरेको हो । बैठकले रोगको नियन्त्रणका लागि पशु प्राविधिकले सुरक्षित भएर काम गर्ने, पशु गर्भाधानका लागि गरिँदै आएको कृतिम गर्भाधान सुविधा बन्द गर्ने, विज्ञ केन्द्रबाट प्राप्त भएको खोरेत रोग नियन्त्रणका लागि प्रयोग हुने (एफएमडी) खोप नगर क्षेत्रमा

नलगाउने निर्णय भएको शाखा प्रमुख गंगा चौलागाईले जानकारी दिएकी छन् ।

उनका अनुसार नगर क्षेत्रको ७,११,१२,१७ र १८ नम्बर वडामा किसानले पालेको गाई र भैसीमा 'लमपी स्किन' रोगको संक्रमण फेला परेसँगै सचेतना अपनाउने र रोगको नियन्त्रणका लागि काम गर्ने निर्णय गरिएको हो । रोगका कारण पशुको हयाकुला, पेटमा पानी जम्ने, खुट्टाको हाडजोर्नी सुन्निने, दुधको उत्पादन घट्दै जाने, पशुमा ज्वरोको मात्रा उच्च हुने जस्ता लक्षण देखिने शाखाले जनाएको छ ।

शाखाले रोगको नियन्त्रणका लागि प्रभावित क्षेत्रका गाई/भैसी खरिद बिक्री तथा ओसार पसार नगर्न, रोगी पशुलाई अलग राखी उपचारमा लाग्न, पशुलाई बाहिर चराउनका लागि नलैजान आग्रह गरेको छ । बैठकमा कृषि शाखा गंगा चौलागाई, डा. अनुसा लम्साल, सहायक पशुविकास अधिकृत कृष्णप्रसाद भट्टराईसहित पशुसेवा केन्द्रका प्रमुख तथा निजी पशु प्राविधिकहरु सहभागी थिए ।

आगलागी पीडितलाई सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, २० चैत/नेपाल रेडक्रस सोसाइटी उपशाखा बागमती गाउँपालिकाले आगलागी पीडितलाई आर्थिक तथा खाद्यान्न सहयोग गरेको छ ।

मकवानपुरको बागमती गाउँपालिका वडा नम्बर-२ कालिखोलाका कुलबहादुर स्याङतानको घरमै पुगेर सहयोग गरिएको हो । गाउँपालिकाले नगद १० हजार रुपैयाँ तथा खाद्यान्न, लत्ताकपडा नेपाल रेडक्रस सोसाइटी उपशाखा बागमतीले सहयोग गरेको थियो । बागमती गाउँपालिका वडा नम्बर ८ का वडाअध्यक्ष तथा नेपाल रेडक्रस सोसाइटी उपशाखा बागमती गाउँपालिका कोषाध्यक्ष शंकरकुमार पराजुली, सचिव धनपति तिमल्सिना, जिल्ला समन्वय समिति सदस्य खड्गबहादुर पुलामीलगायतले आगलागी पीडित परिवारलाई राहत सामग्री हस्तान्तरण

गरेका थिए ।

आगलागीबाट करिब १५ लाख रुपैयाँ बराबरको क्षति भएको जनाइएको छ । स्याङतानको कच्ची घरमा आगलागी हुँदा घर पूर्णरुपमा क्षति भएको थियो । सामाजिक सुरक्षा वापत जम्मा गरेको करिब चार लाख नगद, एक लाख बराबरको सुन, लत्ताकपडा, अन्नपात, भाडा, क्षति भएको प्रहरीले जनाएको छ ।

घर जग्गा भाडामा

हेटौंडा-४, कमलडाँडा नबोदय बोडिङ अगाडि सरकारी तथा प्राइभेट अफिस, होस्टल, मन्देश्वरी स्कुल आदिको लागि उपयुक्त २ कठ्ठा जग्गामा कम्पाउन्ड सहित निर्माण भएको ३ तल्ला घर १० कोठा, २ किचन, ३ बाथरुमसहित जम्मा १२ कोठा भएको सुविधा सम्पन्न पार्किङसहित कम्पाउन्ड घेरिएको पुरै घर जग्गा भाडामा रहेकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

(नोटः भुई तल्ला फल्याट मात्र पनि लिन सकिनेछ)

सम्पर्क नं.:-

९८४५२६९७१३/९८४५०२०९५१

९८५५०३०९५१ (whatsapp)

खुल्दैछ ! खुल्दैछ ! खुल्दैछ !

(उत्तराखण्ड चारधाम)

बद्रीनाथ केदारनाथ तिर्थयात्राको लागि २०८० बैशाख १७ गतेबाट बिभिन्न मितिमा रिजर्भ बस खुल्दैछ ।

दर्शनीय स्थानहरू :- महेन्द्रनगर, हरिद्वार, ऋषीकेश, फुलछट्टी, एमनोत्री (पहिलो धाम) ६ कि.मी. पैदल यात्रा, उत्तर काँशी, गंगनानी, गंगोत्री (दोश्रो धाम) रुद्र प्रयाग, गुप्तकाँशी, गौरीकुण्ड, केदारनाथ (तेश्रो धाम) १४ कि.मी. पैदल यात्रा (जोशी मठ) बद्रीनाथ, (चौथो धाम) ब्रम्हकपाली गरी १७ देखी १८ दिनमा नेपाल आईपुग्नेछ ।

भाडा प्रति यात्री ने.रु. ३०००५/- लाग्ने छ (बिहान बेलुकी खाना सहित) नोट:- रिक्सा टाङ्गा, धर्मशाला, अन्य खर्च यात्रु स्वयंले बेहर्नुपर्नेछ । सम्पर्क:-

गोपाल थापा, हेटौंडा बसपार्क

मोवाईल नं. : ९८४५२९७६८१ घण्टी बाजे मनरवा, बारा,

मोबाईल नं. ९८४५८०८४०२

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ज्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ज्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

Education is the real treasure

We are hiring...

Hetauda Academy, a leading academic institution in Hetauda, offers a multifaceted learning environment to foster holistic development of children. Hetauda Academy is a student centric, parent-friendly and socially responsible academic institution that treats its faculty and staff with respect and dignity and is looking for suitable candidates with proven competence to work with young students in its various departments for the following positions:

1. **Vice-Principal**
2. **Coordinators**
   Secondary Level, Basic Level and Pre-primary Level
3. **Secondary & Basic Level Faculty**
   Computer Science, English, Mathematics, Science, Social Studies & Human Value Education, Nepali, 'Health, Physical & Creative Arts'
4. **Secretary to CEO**
5. **School Counselor**
6. **ECA/CCA Instructor**
   Art & Craft, Music (Vocal & Instrument), Dance, Yoga, Basket Ball, Table Tennis, Cricket, Football, Martial Arts, Swimming, Hand Writing, English Phonics, Nepali Phonics
7. **Officers**
   HR & General Administration, Operations & Procurement, IT Administration, Library Management, Examination, ECA/CCA,
8. **Assistants:** *Admin & Finance, Computer Lab, Computer Operator, Front Desk*
9. **Discipline Staffs**
10. **Drivers, Security Guards, Cook, Helpers, Gardener**

For further details, please visit www.hetaudaacademy.edu.np/vacancy

Strong command over written & spoken English and basic computing skills are mandatory for all above mentioned positions except 10. Smart candidates without work experience are also encouraged to apply.

There is no bar in remuneration and other benefits for deserving candidate. Interested candidates should send CV at hr@hetaudaacademy.edu.np with 2 references and expected salary not later than 9 April 2023.

HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Hetauda-11, Makawanpur, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

साझाकुरा

हाम्रो कुरा

मौलिकता नगुमाऔं

सभ्य समाजले प्राकृतिक सम्पदाको संरक्षण, संवर्द्धन र सदुपयोग गरेको हुन्छ । आधुनिक युगमा नयाँ सम्पदा निर्माणको होडसँगै पुराना सम्पदाको महत्वलाई खुम्च्याउने खतरा बढेको छ । विकसित देशमा पुराना सम्पदाको संरक्षणसँगै नयाँ सम्पदा निर्माण गरिन्छ । तर, नेपालमा सडक र सहर विस्तारको नाममा अमूल्य सम्पदालाई नामेट पार्ने काम भइरहेको छ । विकासका नाममा भएका व्यापार र विनाशले भूक्षय हुने, कुवा, जरुवा र पानीको मूल सुक्ने, नदीउकास बृद्धि हुने गरेका छन् । अहिलेको पुस्ताले कंक्रीटलाई विकास देखेको छ, कालान्तरमा पुरातन मौलिक अस्तित्व गुम्ने खतरा छ । गाँउको स्वरुप मात्र परिवर्तन गरेर सहर हुँदैन । गाउँलाई गाउँकै शैलीमा विकास गर्नुपर्ने थियो । मौलिक सम्पदा हाम्रा पहिचान हुन्, संरक्षण गर्नुपर्छ भनेर सिकाउने चेत भएपनि के गर्दा संरक्षण हुन्छ भन्ने कुरा सिकाउन चुकेको देखिन्छ ।

नेपालका बिभिन्न ग्रामीण बस्तीमा रहेका प्राचीन सम्पदा पर्यटन उद्योगका लागि 'सर्वाधिक आकर्षणको केन्द्र' हुन् तर, हाम्रा कामकारबाही तथा सोच पर्यटनउन्मुख छैनन् । यसको अर्थ हो, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाबारे हाम्रो दृष्टिकोण स्पष्ट छैन । देशको भौगोलिक जटिलता र सांस्कृतिक महत्वको हेक्का नराखी जताततै डोजर चलाउने काम भइरहेको छ । विकास हाम्रो रहर र बाध्यता दुवै हो । तर, सयौं वर्ष पुरानो सांस्कृतिक धरोहरको मूल्यमा कसैले विकास स्वीकार्दैन । सम्पदा बिर्सिएको यस्तो विकासबारे राष्ट्रिय-अन्तर्राष्ट्रिय बिज्ञले प्रश्न उठाइरहेका छन् । प्राचीन नेपालको इतिहासमा विभिन्न वंश र ऋषिमुनिले देशको यात्रा गर्नुपर्दा प्रयोग गरेको पैदलमार्ग मकवानपुरमा रहेको ईतिहास छ । भारतबाट मोटरबाटो हुँदै भीमफेदीसम्म आएका मोटरलाई स्थानीय मजदुरले बोकेर देउराली, कुलेखानी, मार्खु, चिल्लाङ हुँदै थानकोटसम्म पुऱ्याउन प्रयोग गरिएको ऐतिहासिक महत्व बोकेको यो मार्गलाई बिग्रन दिनुहुन्न । पुरातात्विक, ऐतिहासिक, धार्मिक महत्वका सम्पदामा प्रतिकूल असर नपर्नेगरी मर्मतकार्य अघि बढाउनुपर्छ । त्रिभुवन राजपथ सञ्चालनमा आउनुअघि चित्लाङ, काठमाडौं उपत्यकाको प्रवेशद्वारको रुपमा थियो । सँस्कृति र इतिहास अध्ययन गर्नेका लागि महत्वपूर्ण गन्तव्यका रुपमा विकास भएको चित्लाङको नाम पहिले चित्रापुर थियो । पछि चैत्य जाने बाटो भएकाले यसको नाम चैतलोड रहन गयो । पछि अपभ्रंश भएर यसको नाम चित्लाङ रहन एएको स्थानीय बताउँछन् । चित्लाङको उत्तरतर्फ चन्द्रागिरि डाँडा र दक्षिणतिर महाभारत क्षेत्र छ ।

नेपालका धेरै शासन र शासकको साक्षी पनि हो, चित्लाङ । त्यसैले त चित्लाङलाई लिच्छवी कालदेखिको प्रमाण मानिन्छ । लिच्छवीकालदेखि नै काठमाडौंबाट तराईतर्फ लाग्ने मानिस चन्द्रागिरि पार भएर चित्लाङ हुँदै जाने गर्थे । सर्वसाधारणमात्र नभएर मल्लकालीन राजा र राणाहरु तराई आउजाउ गर्दा चित्लाङकै बाटोबाट ओहोरदोहोर गर्थे । राणा प्रधानमन्त्री जंगबहादुर राणा बेलायत भ्रमणमा जाँदा यही बाटो भएर गएको इतिहास छ । भारतका सम्राट अशोक यही ठाउँबाट काठमाडौं जानेआउने क्रममा चित्लाङको चित्रापुर नगरको चिलञ्जा चैत्य निर्माण गरेका थिए, जुन चैत्य हाल संरक्षणविहीन अवस्थामा छ । अशोककालीन चैत्य र किराँत राजाहरुले बनाएका तीन गजुरको मन्दिर, तलेजु भवानी मन्दिर र विभिन्न शीलालेखका कारण इतिहासका अध्ययनकर्ता पनि चित्लाङ पुग्ने गर्छन् ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

मकवानपुर प्रहरी

प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५९५०१
चित्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५००० २९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा

नेपाल रेडक्रस:	५२०७११, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५,९८४५१०५५००
मनहरी रेडक्रस:	९८४५१०५८२९
छतिवन रेडक्रस:	९८६१६२२३११
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बज्रबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०४७-५२५८७, ९८४५१९१९४
बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
बारुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०७९ चैत २२ गते बुधबार ५ अप्रिल २०२३ । चतुर्दशी चैत शुक्लपक्ष । चौलाथ्व ११४३ ने.सं. । सूर्योदय ५:५३, सूर्यास्त ६:२३।

आजको राशिफल

मेष	: बादविवाद बढ्ने	तुला	: चिन्ता बढ्ने
वृष	: घरेलु काममा रुचि	वृश्चिक	: मान मर्यादामा वृद्धि
मिथुन	: प्रयासहरु फलदायी हुने	धनु	: लेनदेनको विवाद बढ्ने
कर्कट	: कुरा काट्नेहरु सक्रियता	मकर	: स्वास्थ्यमा सुधार हुने
सिंह	: बौद्धिक कार्यबाट प्रशंसा मिल्ने	कुम्भ	: अध्ययनमा प्रगति हुने
कन्या	: अरुको विश्वास जित्न सकिने	मीन	: रोग एवम् चिन्ता बढ्ने

'मर्यादाक्रम'को सामन्ती रुझान

डा. डिजन भट्टराई

संसदमा 'राष्ट्रिय मर्यादाक्रम सम्बन्धी विधेयक, २०७९' नामको गैरसरकारी विधेयक प्रस्तुत गरिएपछि मर्यादाक्रमका विषयमा विभिन्न कोणबाट बहस सुरु भएको छ । सामन्तवादको कोखबाट जन्मिएको 'मर्यादाक्रम' लोकतान्त्रिक राज्य प्रणालीमा सर्वस्वीकार्य हुनसक्दैन । समस्या मर्यादाको क्रममा होइन, किन र केका लागि 'मर्यादाक्रम' बनाउने भन्ने अवधारणामा छ ।

मानवीय अस्तित्वको आधार मर्यादा र आत्मसम्मान हो । आत्मसम्मान आफ्नो सापेक्षतामा मानिसले सार्वभौम रूपमा अनुभूत गर्छ । आत्मसम्मान गुमेको मानिसको जीवन निरर्थक जस्तै हुन्छ । त्यसैले आत्मसम्मान हरेक मानवमा समान हुन्छ, त्यो जुनसुकै पद र ओहोदाको किन नहोस् ।

मानवीय मर्यादा भनेको आत्मसम्मानको विकासका लागि अर्कोले प्रदान गर्ने विषय हो । आत्मसम्मानको विकासमा आफ्नै भूमिका प्रधान हुने भए पनि मर्यादा प्राप्तिमा आफूले गरेका क्रियाकलापमाथि अरू मानिसको अनुभूत र सम्मान जोडिएको हुन्छ । सम्मान र मर्यादा मानिसले सामाजिक जीवनमा पुऱ्याएको योगदानको सापेक्षतामा प्रदत्त हुन्छ । त्यसैले मर्यादा स्वघोषित तथा स्वनिर्मित विषय भने होइन ।

मर्यादाको स्वरूप

मानव सभ्यताको इतिहासलाई हेर्ने हो भने मर्यादाको निर्माणमा तीनवटा धार विकसित भएको पाइन्छ । पहिलो स्वघोषित, दोस्रो राज्य प्रदत्त औपचारिक र तेस्रो आमजनताले स्वतस्फूर्त रूपमा प्रदान गरेको मर्यादा ।

पहिलो धार अन्तर्गत सम्पत्तिको सञ्चय र वर्गीय समाजको निर्माणसँगै मर्यादाको चेतना विकास भएको पाइन्छ । मानव सभ्यताको इतिहासमा शक्तिशालीले आफूले आफैंलाई पूजा गर्न थाले । तत्कालीन शासकहरूले मानवतामाथि गरिएको नृशंस क्रियाकलापबाट ऐतिहासिक सभ्यतासँग भिजभित्रै डराएको कुण्ठालाई शमन गर्न आफूमा देवत्वकरण गर्न पुगे । मानव सभ्यतामाथिको अत्याचार इतिहासमा सम्मानित हुन सक्दैन । कञ्चटमा बन्दुक राखेर, मानवीय मूल्यमाथिको प्रहारले मर्यादाको निर्माण हुँदैन । तर राजा-महाराजाहरूले आफ्नो मर्यादा स्वयं घोषणा गर्थे । नामको अगाडि 'श्री' र नामको पछाडि 'देव' लेख्थे । आफैंले विभूषण र सम्मानको घोषणा गरी आफैं पहिरिन्थे । इतिहास त्यसै भन्छ ।

सामन्तवादी अर्थ प्रणालीको जगमा निर्माण भएको सामाजिक संरचनामा शक्तिले मर्यादाको निर्माण गर्छ । फलतः हरेक मानव मस्तिष्कमा सामन्तवाद विद्यमान हुन्छ, त्यसैले ऊ प्रशंसाको भोको हुन्छ । सधैं आफूलाई मात्र केन्द्रमा राख्छ । आफ्नो सापेक्षताबाट मात्रै संसारलाई बुझ्छ । आफूमा सत्य केन्द्रीकृत गर्छ । आफूमा रहेको सीमित ज्ञानको समेत बोध नभई आफूलाई सर्वज्ञानी सम्झन्छ । आफ्नो मूर्खतालाई अर्कोको कमजोरीमा आरोपित गरी आत्मसन्तुष्टि लिन्छ । आफूले आफूलाई महानताको पदवी प्रदान गर्दै आफ्नो प्रशंसामा घण्टौं व्यतीत गर्छ । अरूको काँधमा चढेर संसार हेर्नुलाई सफलताको आधारको रूपमा व्याख्या गर्छ । उसले आफ्नो मर्यादाको स्वघोषणा आफै गर्छ ।

दोस्रो धार राज्य र सरकारले औपचारिक रूपमा निर्माण गरेको हो । स्वाभाविक रूपमा राज्य प्रणाली शक्तिले निर्माण हुन्छ । त्यसैले बन्दुकको नालबाट निस्किएको मर्यादा फटयको झ्ऊकार त हुन सक्दैन, तर राज्य प्रणालीको अस्तित्व सर्वस्वीकार्य विषय हो । यो कृत्रिम र औपचारिक सम्मान हो । विधि र कानुनले यस मर्यादाको सीमा निर्धारण गर्छ । राज्य शक्ति र स्रोत-साधनको परिचालनको प्राधिकारको सापेक्षतामा मर्यादाको निर्धारण हुन्छ । यसलाई स्वीकार्न हरेक व्यक्ति बाध्य हुनुपर्छ । किनकि राज्य सत्ता बन्दुकको नालबाट जन्मन्छ ।

मर्यादाको तेस्रो धार आवाज विहीनहरूको नसुनिएको आवाज हो । हरेकको फटयमा गुञ्जिने संगीतमय भाव हो । यस धारमा मानवीय मूल्यको रक्षा गर्नेका लागि प्राण आहुति गर्नेहरूलाई बाँच्नेहरूले, हँसाउनेहरूलाई हाँस्न बिर्सिएकाहरूले, मुक्ति-योद्धाहरूलाई अत्याचारको जाँतोमा पिसिएकाहरूले मर्यादित रूपले सम्झन्छन् । त्यसैले सम्मान पनि निरपेक्ष छैन । वर्गीय समाजमा सम्मान पनि वर्गीय हुन्छ ।

सत्ताको मदमा मर्यादाक्रमको बहस भइरहेको बेला मेरो स्पष्ट बुझाइ छ, 'मर्यादालाई कागजको खोस्टामा नखोजौं ।'

प्रश्न आउन सक्छ, 'किन ?' जवाफ स्पष्ट छ, 'किनकि सम्मान र मर्यादा त प्रत्येक व्यक्तिको फटयमा हुनुपर्छ तर विद्यमान समाजमा शक्ति, सत्ता र सम्पत्तिले सम्मानको खरिद-बिक्री हुन्छ । अचम्म छ ! सम्मानलाई पनि कागजमा लेखेर प्रमाणित गरिदिनुपर्छ । मानवीय मूल्य र अस्तित्वको अन्त्य भएको समाजमा मात्र सम्मानलाई कागजमा लेखिन्छ । मलाई शक्तिका अवयवहरूले तिमीलाई महान् भनेको सुन्न मन छैन । तिनीहरूले तिमीलाई उच्च मर्यादा दिएको पनि हेर्न मन छैन । किनकि कागजका खोस्टामा रहेको निर्जीव र मानवताहीन मर्यादा र सम्मानको स्वीकार्यता के पो होला र !

मर्यादा र सम्मान फटयको आवाजबाट प्रवाहित हुनुपर्छ, जुन शान्त, सौम्य र सुन्दर हुन्छ । त्यसमा रंगीचंगी फूलहरू जडित हुँदैनन् । मन-मस्तिष्कमा चिरकालसम्म जिउँदो रहन्छ ।

सबैलाई शक्ति, पद र प्रतिष्ठा चाहिएको छ । दुःख, पीडामा परेका मान्छेका अन्तस्करणको आवाजलाई बोध गर्न नसक्दा र मानवता हराएपछि मनमा सिर्जना हुने नै यस्तै हो ।

मान, सम्मान र इज्जत भनेको मानव सभ्यताका निर्माताहरूलाई प्रकृतिले दिने उपहार हो । मानवतामाथि क्रूर ढंगले हमला हुँदा त्यसको रक्षाका लागि प्राण आहुति गर्न तयार हुनेहरूको लागि बाँच्नेहरूको फटयदेखि प्रवाह हुने आत्मिक सम्मान हो । कसैलाई देख्दा श्रद्धले शिर निहुरियोस्, फटयको भाव तरंगित होस् । मानव जगतका लागि कसैले गरेको कार्यलाई स्मरण गर्दा मात्रै पनि आँखाहरू रसाउन् ।'

कसैले मलाई भन्यो, 'तिम्रो हाम्रो समाजमा भ्रष्ट, तस्कर र देशद्रोहीलाई पनि मर्यादा दिइन्छ ! मान, सम्मान र मर्यादालाई शक्तिको तराजुमा तौलिएर मोलमोलाइ गरिन्छ ! शक्तिशालीलाई उच्च मर्यादित र निरीह मर्यादाहीन हुन्छन् ! श्रम गर्ने किसान, दिन-रात नभनी काम गर्ने मजदुरको कुनै मर्यादा नै हुँदैन ! शक्तिको सापेक्षतामा मर्यादाको क्रम निर्धारण हुन्छ, त्यो कागजको खोस्टोमा लेखिएको मर्यादाक्रमका लागि मल्लयुद्ध र कुस्ती हुन्छ, एकले अर्कालाई खिल्ली उडाउँदै आफूलाई उच्च मर्यादाको बनाउन प्रतिस्पर्धा हुन्छ, मर्यादाहीनहरू मर्यादाका लागि लड्ने समाजमा सज्जनलाई बाँच्न कति मुस्किल छ' यस्तै यस्तै । यी प्रश्न (आरोप)हरूले मलाई उद्वेलित गरायो ।

मर्यादाक्रम र नेपालको सन्दर्भ

अहिले मर्यादाक्रम लगायत अन्य विविध विषय गैरसरकारी विधेयकका रूपमा संसदमा पेश भएको समाचार छ । पहिले मन्त्रिपरिषद्ले तयार गर्ने गरेको यस विषयलाई संसदबाटै निर्माण गर्नु स्वागतयोग्य देखिन्छ ।

राजनीतिज्ञहरू समाजका निर्माता हुन् । जनताको फटयका ढुक्कुकी हुनु र समाज रूपान्तरणका योद्धाहरू । उनीहरूले आफ्नो जीउज्यान देश, जनता र समाजका लागि समर्पण गर्नुपर्छ र गरेका हुन्छन् । त्यसैले उनीहरूले राज्य सञ्चालनको जिम्मेवारीमा रहँदा राज्यप्रदत्त औपचारिक मर्यादा स्वाभाविक देखिन्छ ।

विकृत राजनीतिको उदाहरण दिँदै राजनीति र राजनीतिज्ञको अपमान गरिनुहुन्न । समाज रूपान्तरणको सपना नेतासे मात्र देख्न सक्छ । सपना प्राप्तिको चाहनामा आफ्ना सारा रहरलाई तिलाञ्जली दिँदै देश र जनताप्रति प्रतिबद्ध व्यक्तिलाई राष्ट्र र जनताले सम्मान गर्नुपर्छ । राजनीतिज्ञले पाउने मान हो, तलब होइन । त्यसैले राजनीतिज्ञलाई मर्यादा दिनुपर्छ । त्यति मात्रै होइन, राजनीतिक पदाधिकारीको तहगत शृंखलालाई व्यवस्थापन गर्न पनि मर्यादाक्रम शायद जरूरी छ ।

संसदमा पेश भएको भनिएको मस्यौदा पहुदा मर्यादाक्रम निर्माणको सैद्धान्तिक आधार के हो, स्पष्ट हुनसकेको देखिँदैन । यस मस्यौदामा नेपाली समाजमा विद्यमान सामन्तवादको गहिरो प्रभाव छ । लोकतान्त्रिक राजनीतिक प्रणालीमा सामन्तवादको नवीन प्रवृत्ति कसरी विकास हुँदैछ भन्ने कुरालाई यस मस्यौदाले इंगित गरेको छ ।

विद्यमान मर्यादाक्रम र प्रस्तावित मर्यादाक्रममा पनि कर्मचारी तथा सुरक्षा निकायका पदाधिकारीलाई राखिएको विषय लोकतान्त्रिक मुलुकका लागि कत्तिको सुहाउँदो विषय होला ? भारत लगायत अन्य लोकतान्त्रिक देशको उदाहरण दिएर यसलाई लोकतान्त्रिक मुलुकमा अवलम्बन गरिएको विषय त भनिएला तर यो सामन्तवादकै प्रतिबिम्ब होइन र ?

हो, कर्मचारीतन्त्र राज्य प्रणालीकै संयन्त्र हो । राजनीतिक नेतृत्वले निर्माण गरेका नीति, योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गरी देश र जनताको सेवा गर्नु विनीहरूको कर्तव्य हुन्छ । कर्मचारीतन्त्र बेतनभोगी हुन्छ, काम गर्छ र तलब लिन्छ । यो प्रणाली सञ्चालित हुने आफ्नै पद्धति हुन्छ । कर्मचारीतन्त्र पदसोपानको तहगत संरचनामा राज्य प्रणालीद्वारा नै संरचित हुन्छ । कानुनले यसको भूमिकालाई निर्देशित गरेको हुन्छ । त्यसैले कर्मचारीतन्त्रलाई राज्यको औपचारिक मर्यादामा राख्नु जरूरी नै पो छैन कि !

हिजोको सामन्तवादी राज्य प्रणालीले कर्मचारी, सेना, प्रहरी लगायत राज्यसंयन्त्रलाई औपचारिक मर्यादा दिएको थियो । तर नयाँ लोकतान्त्रिक राज्य प्रणालीमा कानुनले दिएको विशिष्ट कार्य जिम्मेवारी सम्हालेका संयन्त्र र यसका पदाधिकारीलाई छुँदै विशिष्ट मर्यादा दिनु जरूरी छ र ?

कानुनले पदसोपानको विशिष्ट शृंखला नतोकिदिएका राजनीतिक पदाधिकारीलाई पदसोपानिक औपचारिक शृंखलामा राख्न शायद मर्यादाक्रम जरूरी छ । जनताको मताधिकार सहितका जनप्रतिनिधिले राज्यको यथोचित औपचारिक सम्मान प्राप्त गर्नुपर्छ, तर राजनीतिक पूर्वपदाधिकारीलाई मर्यादाक्रममा राख्न खोज्नु चाहिं लोकतान्त्रिक राज्य प्रणालीमा सामन्तवादी सोचको भद्दा स्वरूप हो ।

त्यसका साथै, हिजोको सामन्ती राज्य प्रणालीले विकास गरेको मानसिकताको जगमा आफू ठालु बन्नका लागि जनतामन्दा विशिष्ट ठानी 'सम्माननीय', 'माननीय' तथा 'महामहिम' कायम हुनका लागि गरेको प्रतिस्पर्धा चाहिं 'बडामहाराजाधिराज' को नयाँ संस्करण जस्तो अनुभूति हुन्छ ।

(साभारः अनलाइनखबर)

कृषिजन्य भूमिमाथि गरिएको नीतिगत विभेद

दिपेश नेपाल

भूमि माथिको स्वामित्वले मान्छेको सम्पन्नता र शक्तिको निर्धारण गर्ने गरेको छ । जमिनदारहरूलाई परापूर्वकालमा समाजको सबैभन्दा सम्पन्न र प्रभावशाली मानिन्थ्यो । अहिले पनि मानिसहरूको सम्पन्नतालाई ऊसँग भएको जग्गाजमिनसँग तुलना गरिन्छ ।

उसो त हाम्रो देशमा जमिनको समान वितरण छैन । जमिनमाथिको पहुँचमा वर्गीय, लैङ्गिक तथा जातीय विभेदहरू यत्रतत्र देखिन्छ । पछिल्लो समय जमिनमाथिको पहुँचमा मात्र नभएर जमिनमै पनि विभेद थपिएको छ । अर्थप्रणालीले भिर्त्याएको यो विभेदले जमिनलाई सहरको जमिन र गाउँको जमिनमा विभाजन गरेको छ भने सरकारले भू उपयोग ऐन नै ल्याएर जमिनमाथि वर्गीकरणको नाममा विभेद सुरु गरेको छ । यही जमिनमाथि सुरु भएको विभेदबारे यो लेख केन्द्रित छ ।

मानिसलाई अत्यावश्यक प्राकृतिक स्रोतमध्येको प्रमुख जमिन वासस्थान निर्माण गर्न होस् या फसल उब्जाउन उत्तिकै महत्त्व छ । पुँजी बजारको वृद्धिसँगै फसल उब्जाउने जमिन खुम्चिँदै गइरहेको छ । खेत तथा बारीहरू दिन प्रतिदिन घडेरी बनिरहेका छन् । यसरी तीव्र गतिमा उब्जाउ जमिनहरू मासिँदै जानुमा भूमिसुधारको नाममा ल्याइएका नीति नियम र देशको अर्थ तथा बैंकिङ प्रणाली मुख्य दोषी छ ।

नेपालमा भूमि व्यवस्थापनको मुद्दा हरेक राजनैतिक आन्दोलन सँगसँगै उठ्ने गर्छ र राजनैतिक परिवर्तनसँग सेलाउँदै जान्छ । प्रजातन्त्रको स्थापनासँगै "जसको जोत उसको पोत"को चर्चा पनि चलिएको थियो । असली किसानलाई नै जमिनको स्वामित्व दिने भनेर ल्याइएको यो नारले जमिनदारहरूको टाउको दुख्नु स्वाभाविक थियो ।

धेरै मजदुर तथा किसानसँग जमिनको स्वामित्व नहुनु र "जसको जोत उसको पोत"को चर्चा धेरै हुनुले पञ्चायतमा आन्दोलनको भय पनि उत्तिकै थियो । त्यसैले तत्काल आन्दोलनलाई थप सशक्त बन्न नदिन पूर्वराजा महेन्द्रले भूमिसम्बन्धी ऐन, २०२१ लागू गरेका थिए ।

अहिले पनि भूमिसम्बन्धी ऐन, २०२१ आठौं संशोधनसहित कार्यान्वयनमा छ । तर यो ऐनको प्रस्तावनामा नै घुमाउरो पाराले कृषि जमिन र किसानलाई निष्क्रिय पुँजीको रूपमा व्याख्या गरिएको छ भने आर्थिक विकासमा द्रुततर गति ल्याउन कृषिमा संलग्न जनसंख्या र कृषि भूमिलाई अन्य क्षेत्रमा लगाउन आवश्यक ठानिएको छ । कुल गार्हस्थ्य उत्पादनमा प्रमुख हिस्सा ओगटेको सट्टा प्रतिस्थापन गर्ने भूमिसम्बन्धी ऐनको प्रस्तावना नै कता कता अमिल्दो देखिन्छ । यो सँगै लामो आन्दोलन र बलिदानको उपलब्धि नेपालको संविधानले मौलिक हकमै जग्गाधीन दलितलाई कब्जीमा एक पटक अनिवार्य जग्गा प्रदान गर्नुपर्ने, हरेक नागरिकलाई सुरक्षितको वासस्थानको हक हुने जस्ता व्यवस्था गरेको छ ।

यसका साथै, भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमिसुधार गर्ने, अनुपस्थित भू-स्वामित्वलाई निरुत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने व्यवस्था गरेको छ । किसानको हक हित संरक्षण र सम्वर्द्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भू उपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, विविधीकरण तथा आधुनिकीकरण गर्ने पनि रहेको छ । अनि भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने जस्ता कृषि र भूमिसुधारसम्बन्धी नीतिको अवलम्बन गरेको छ ।

संविधानमा उल्लेखित हक र नीति कार्यान्वयनको निमित्त राष्ट्रिय भूमि नीति २०७५, भू उपयोग ऐन, २०७६ र भू उपयोग नियमावली, २०७९ कार्यान्वयनमा आएको छ । भूमिको वर्गीकरण, समुचित उपयोग र प्रभावकारी व्यवस्थापनको माध्यमबाट अधिकतम र दिगो लाभ हासिल गर्ने प्रस्तावनासहित ल्याइएको भू उपयोग ऐनमा व्यवस्था भएको भू उपयोग क्षेत्र वर्गीकरणको काम अहिले स्थानीय तहहरूले गरिरहेका छन् ।

भू उपयोग ऐनमा भएका भूमि बैंक, कृषि क्षेत्रमा वर्गीकृत जमिन लगातार ३ वर्ष बाँझो राख्नेमा कसुर गरेको मानिने जस्ता व्यवस्थाको ऐन बनेसँगै आलोचना हुँदै आइरहेको छ । भूमि बैंकको नाममा ठूला कम्पनीको नाममा कृषि जमिन जाने जोखिम त छँदै छ, कृषि उत्पादनले लागत मूल्य पनि नउठिरहेको अवस्थामा किसानलाई कारबाही गर्ने घोषणा सहितको ऐन निर्माण गरिएकाले भू उपयोग ऐनमाथि आलोचना बढेको हो ।

कृषि जमिनमा बढ्दो अतिक्रमण, भूमिको अव्यवस्थित प्रयोगलाई कम गराउने उद्देश्यले ल्याइएको भू-उपयोग ऐन कार्यान्वयनमा जाँदै गर्दा झन् थुप्रै प्रश्नहरू उठ्न थालेका छन् । भू उपयोगले ऐनले दिएको अधिकार प्रयोग गरी अधिकांश स्थानीय तहहरूले अगाडि सारेको भू उपयोग योजनामा सडकलाई आवासीय क्षेत्र वर्गीकरणको प्रमुख आधार बनाइएको छ । पछिल्लो समय प्रायजसो क्षेत्रमा मानिसहरू समथर फाँट, टार तथा खेतीयोग्य जमिनमा नै आवास बनाएर बस्ने गरेको पाइन्छ ।

मानिसहरू टार तथा बेसीमा बसाईं सरेसँगै आधारभूत विकासको नाममा फाँट तथा टारमा सडक खनिएको छ । यसरी सडकलाई आधार बनाएर सडकको दायाँ बायाँ क्षेत्रलाई आवासीय क्षेत्रमा वर्गीकरण गर्दा धेरैजसो उर्वर जमिन आवासीय क्षेत्रको रूपमा वर्गीकरण हुने देखिन्छ भने पाखो बारी र वनसँग जोडिएका जमिनहरू कृषि जमिनको रूपमा वर्गीकरण हुने देखिन्छ । यसको दोहोरो मार भने किसानले भोग्नुपर्ने देखिन्छ । एकातर्फ कृषि क्षेत्र भनेर तोकिएको भूमि अन्य क्षेत्रमा प्रयोग गर्न नपाइने व्यवस्था र अर्कोतर्फ जग्गा बाँझो राख्दा कारबाही हुने डर ।

अध्ययनको क्रममा विभिन्न स्थानीय तहहरूमा जाँदा त्यहाँका स्थानीय जनप्रतिनिधिले प्रायः जनताले आफ्नो जमिनलाई आवासीय क्षेत्रको रूपमा वर्गीकरण गर्न दबाब दिने गरेको जनाए । तर, वास्तविक किसान भने भू वर्गीकरणबारे बेखबर छन् । यसले पनि भू वर्गीकरणको लागि किसानले वर्गीकरणको प्रमुख आधार बनाइएको छ । पछिल्लो समय प्रायजसो क्षेत्रमा मानिसहरू समथर फाँट, टार तथा खेतीयोग्य जमिनमा नै आवास बनाएर बस्ने गरेको पाइन्छ ।

मानिसहरू टार तथा बेसीमा बसाईं सरेसँगै आधारभूत विकासको नाममा फाँट तथा टारमा सडक खनिएको छ । यसरी सडकलाई आधार बनाएर सडकको दायाँ बायाँ क्षेत्रलाई आवासीय क्षेत्रमा वर्गीकरण गर्दा धेरैजसो उर्वर जमिन आवासीय क्षेत्रको रूपमा वर्गीकरण हुने देखिन्छ भने पाखो बारी र वनसँग जोडिएका जमिनहरू कृषि जमिनको रूपमा वर्गीकरण हुने देखिन्छ । यसको दोहोरो मार भने किसानले भोग्नुपर्ने देखिन्छ । एकातर्फ कृषि क्षेत्र भनेर तोकिएको भूमि अन्य क्षेत्रमा प्रयोग गर्न नपाइने व्यवस्था र अर्कोतर्फ जग्गा बाँझो राख्दा कारबाही हुने डर ।

अध्ययनको क्रममा विभिन्न स्थानीय तहहरूमा जाँदा त्यहाँका स्थानीय जनप्रतिनिधिले प्रायः जनताले आफ्नो जमिनलाई आवासीय क्षेत्रको रूपमा वर्गीकरण गर्न दबाब दिने गरेको जनाए । तर, वास्तविक किसान भने भू वर्गीकरणबारे बेखबर छन् । यसले पनि भू वर्गीकरणको लागि किसानले हैन, भू माफियाहरूले स्थानीय सरकारलाई दबाब दिइरहेको भन्ने बुझ्न सकिन्छ ।

यसरी जमिन वर्गीकरणमा प्रत्यक्ष भू माफियाहरूको सक्रियताले वर्गीकरण पछि लिएर आउने सामाजिक अर्थव्यवस्थामा कति असर पार्छ, अंकगणितीय रूपमा यकिन गर्न गाह्रो भएता पनि आँकलन गर्नसम्म सकिन्छ । जनयुद्धसँगै सुरक्षा र सुविधाको नाममा सहरी क्षेत्रको जग्गाको मूल्य असाधारण रूपमा बढ्न थाल्यो । विप्रेषण र बैंकिङ क्षेत्रको लगानी रुचिको कारण जमिनमा लगानी र किनबेच बढ्न थाल्यो, जसले गर्दा घडेरी र सहरी जग्गाको मूल्य आकासियो ।

मानिसले लगानी गर्दा होस् या बैंकले ऋण दिँदा सडक, प्लटिङलाई आधार मानेर जग्गाको मूल्याङ्कन बढ्यो, यसले जमिनको उत्पादकत्वले महत्व गुमाउँदै गयो । भू माफियाहरूले उब्जाउशील जग्गालाई घडेरीमा रूपान्तरण गर्न थाले ।

अहिले स्थानीय तहमा सडक निर्माण गर्दा भू माफियाको हस्तक्षेप यत्रतत्र देख्न सकिन्छ । यसरी भू वर्गीकरणको आधार सडकलाई बनाउने र भू उपयोग परिवर्तन गर्न नपाउने नियमले कृषि क्षेत्रमा वर्गीकृत जमिनको मूल्य झनै घटेर जानेछ भने असली किसानहरूको आर्थिक अवस्था पनि त्यो सँगै खस्किने देखिन्छ । ऐनको आडमा आफ्नो जमिनको छेउमा सडक पुऱ्याउने पहुँच भएकाको मात्रै आवासीय जमिनमा पहुँच हुने र बिक्री वितरण गर्न पाउने अधिकार हुने हुँदा जमिनको मूल्य पूर्ण रूपमा राज्यसत्तामा पहुँच भएका र भू माफियाको हातमा जाने जोखिम बढ्ने छ ।

कृषि भूमिको संरक्षण गर्ने उद्देश्यले ल्याइएको भू उपयोग ऐन कार्यान्वयनमा जाँदासम्म कृषि भूमिलाई विभेद गर्न बनाइएको ऐनको रूपमा विकसित हुँदैछ । स्थानीय सरकारमा नेतृत्व गर्नेहरूको व्यक्तिगत रुचि, भू माफियाको सक्रियता, बेखबर असली किसान जस्ताको कारणले गर्दा नेपालको उब्जाउशील कृषि जमिन मासिँदै गइरहेको छ । त्यसैले भू वर्गीकरण कार्यान्वयनमा आउनुपूर्व नै जग्गाको वर्गीकरण सडकको उपलब्धताको आधारमा नभई जग्गाको उत्पादकत्व, भौगोलिक अवस्थाको समेत प्राविधिक जाँच गर्न आवश्यक देखिन्छ ।

कृषि भूमि बाँझो राखे कारबाही हुने जस्ता भाष्यको तल्लो तहसम्म खण्डन गरिनु पर्छ । स्थानीय तहलाई न्यूनतम उत्पादन लक्ष्य तय गर्न लगाई आवश्यक कार्यक्रम विकास गर्न कडाइ गर्नुपर्छ । यसो हुन नसके भूमिको उचित उपयोग गर्ने भनेर ल्याइएको ऐनमा टेकेर भू माफियाहरूले हालीमुहाली गर्ने निश्चित छ भने किसानले आफ्नो भूमि छाडेर श्रमको लागि अन्य बाटो रोज्नेछ ।

(साभारः रातोपाटी)

पहिलो परीक्षामा रवि लामिछाने

काठमाडौं/आगामी १० वैशाखमा हुने तीन निर्वाचन क्षेत्रको उपनिर्वाचनमा ५९ जनाको उम्मेदवारी परेको छ । बारा-२ मा २६ जना, चितवन-२ मा २४ जना र तनहुँ-१ मा ९ जनाको उम्मेदवारी परेको निर्वाचन आयोगले जनाएको छ ।

रामचन्द्र पौडेल राष्ट्रपति निर्वाचित भएकाले तनहुँ-१, रामसहायप्रसाद यादव उपराष्ट्रपति निर्वाचित भएकाले बारा-२ र नागरिकता विवादमा रवि लामिछाने पदमुक्त भएकाले चितवन-२ रिक्त भएको थियो । तीनवटै क्षेत्रमा सत्तारुढ दलहरुले साझा उम्मेदवारी दिएका छन् भने नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) लगायत दल एकल प्रतिस्पर्धामा उत्रिएका छन् ।

गत चुनावको परिणाम र उम्मेदवारहरुको पृष्ठभूमि हेर्दा यो उपनिर्वाचनमा रास्वपा बलियो प्रतिस्पर्धी देखिएको छ ।

रास्वपाबाट उम्मेदवार बनेका तीनै उम्मेदवार आ-आफ्नो क्षेत्रमा बलियो प्रभाव राख्ने व्यक्ति हुन् । चितवन-२ मा सभापति रवि लामिछाने आफै उम्मेदवार छन् भने तनहुँ-१ मा स्वर्णिम वाग्ले र बारा-२ मा रमेश खरेल उम्मेदवार छन् । अर्थशास्त्री वाग्ले केही दिन अगाडि मात्रै कांग्रेस परित्याग गरी रास्वपा प्रवेश गरेका हुन् । पूर्वडीआईजी खरेल गत चुनावमा आफ्नै नेतृत्वको सुशासन पार्टीबाट काठमाडौं-९ मा उम्मेदवार थिए । चुनाव नजिते पनि खरेलले सम्मानजनक मत पाएका थिए ।

अधिल्लो चुनावहरुको नतिजा हेर्दा मुख्य प्रतिस्पर्धी शक्ति चाहिँ सत्ता गठबन्धन र एमाले नै हो । गत चुनावमा तनहुँ-१ मा सत्ता गठबन्धनबाट रामचन्द्र पौडेलले २५ हजार ३१३ मत ल्याएर जित्दा १९ हजार ९२५ मत पाएर एमालेका एकबहादुर राना निकतम प्रतिद्वन्द्वी बनेका थिए । उपनिर्वाचनमा कांग्रेसले गोविन्द भट्टराई र एमालेले सर्वेन्द्र खनाललाई उम्मेदवार बनाएको छ ।

भट्टराई कांग्रेस पार्टीका केन्द्रीय नेता हुन् । उनीसँग प्रतिस्पर्धा गर्न एमालेले गत चुनावमा काठमाडौं-६ बाट हारेका सर्वेन्द्रलाई यहाँ ल्याएको छ । सर्वेन्द्र गत चुनावमा रास्वपाका शिशिर खनालसँग पराजित भएका थिए । तर पार्टी अध्यक्ष केपी शर्मा ओलीको विश्वास जित्दै उनी तनहुँ-१ को उपनिर्वाचनमा उम्मेदवार

बनेका छन् । रास्वपाबाट उम्मेदवार बनेका स्वर्णिमको व्यक्तित्व बिसर्दा यो निर्वाचन क्षेत्रको मुख्य प्रतिस्पर्धी उम्मेदवार गोविन्द र सर्वेन्द्र हुन् ।

रास्वपाका विकास सिरदेलले गत चुनावमा ६ हजार मत मात्रै पाएका थिए । त्यो चुनावमा ६ हजार ८ सय मत ल्याएका पुराना कांग्रेस नेता गोविन्दराज जोशीले यसपटक उम्मेदवारी दिएनन् ।

चितवन-२ मा पनि कांग्रेस, एमाले र रास्वपा नै प्रतिस्पर्धी शक्ति देखिन्छन् । गत चुनावमा फराकिलो मतान्तरले जितेका रविसँग प्रतिस्पर्धा गर्न कांग्रेसले जीतनारायण श्रेष्ठ र एमालेले रामप्रसाद न्यौपानेलाई अगाडि सारेको छ । गत चुनावमा रविले ४९ हजार ३०० मत ल्याएर जित्दा कांग्रेसका उमेश श्रेष्ठले १४ हजार ९८८ र एमालेका कृष्णभक्त पोखरेलले १४ हजार ६५२ मत पाएका थिए । यसपटक कांग्रेस र एमालेले उम्मेदवार फेरेका छन् ।

बारा-२ को प्रतिस्पर्धा भने चितवन र तनहुँभन्दा भिन्न छ । यहाँ सत्तारुढका तर्फबाट जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादवले उम्मेदवारी दिएका छन् । अघिल्ला दुई चुनावमा गठबन्धनकै जगमा यो क्षेत्र जसपाका रामप्रसाद सहायले जितेका थिए । तर उनलाई उपराष्ट्रपति बनाएर अध्यक्ष यादव आफै उपनिर्वाचन लड्न यहाँ आएका छन् । गत चुनावमा यादव सप्तरी-२ बाट जनमत पार्टीका अध्यक्ष सिके राउतसँग पराजित भएका थिए ।

उपेन्द्रसँगको प्रतिस्पर्धामा एमालेबाट पुरुषोत्तम पौडेल र जनमत पार्टीबाट शिवचन्द्र कुशवाहाको उम्मेदवारी परेको छ । पूर्वमन्त्री पौडेल एमालेका पुराने नेता हुन् । शिवचन्द्र भने केहीदिन अगाडि मात्रै माओवादी केन्द्र त्यागेर जनमत पार्टी प्रवेश गरेका हुन् ।

गत चुनावमा शिवचन्द्र जसपाका रामसहायसँग ३५४ मतको झिनो अन्तरले पराजित भएका थिए । तत्कालीन सत्ता गठबन्धनका उम्मेदवार शिवचन्द्रले १३ हजार ४६८ मत पाउँदा एमालेको समर्थन पाउँदै रामसहायले जितेका थिए । अहिले शिवचन्द्र जनमत पार्टी प्रवेश गरेकाले उनको उम्मेदवारीलाई अर्थपूर्ण छ ।

यो क्षेत्रमा पनि जसपालाई समर्थन गर्ने निर्णयपछि माओवादी केन्द्र उपनिर्वाचनमा उम्मेदवारविहीन बनेको छ । तनहुँ र चितवनमा गत चुनावमा पनि माओवादीको उम्मेदवार थिएन । तर राप्रै जनमत भएको बारा-२ उपेन्द्र यादवलाई छोड्ने निर्णयका कारण माओवादी केन्द्रले शिवचन्द्र कुशवाह गुमाउनु परेको छ भने उपनिर्वाचनमा रास्वपा तेस्रो प्रतिस्पर्धी शक्तिका रुपमा देखिएको छ ।

यद्यपि, अघिल्लो मतपरिणाम हेर्दा बारा-२ मा रास्वपा प्रतिस्पर्धी शक्ति होइन । तर सशक्त प्रचार सहित रमेश खरेललाई उम्मेदवार बनाएर रास्वपाले आफूलाई एउटा राजनीतिक शक्तिका रुपमा देखाउन खोजेको छ ।

माओवादी केन्द्रसँग भने ४ मसिरकै चुनावमा पनि रास्वपाले हाराहारीको मत पाएको थियो । गठबन्धन गरेकाले माओवादी केन्द्रले प्रत्यक्षतर्फ १८ सिट जितेपनि समानुपातिकमा रास्वपा भन्दा ठूलो अन्तर थिएन ।

एकल प्रतिस्पर्धा गरेर पनि प्रत्यक्षतर्फ ७ सिट जितेको रास्वपाले ११ लाख ३० हजार समानुपातिक मत पाउँदा माओवादी केन्द्रले ११ लाख ७५ हजार मत पाएको थियो । तर प्रधानमन्त्री एवं पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सत्ता गठबन्धन जोगाउन यो उपनिर्वाचनमा कतै पनि उम्मेदवारी नदिने निर्णय गरे । दलगत उम्मेदवारी हेर्दा कांग्रेस अधिल्लो चुनावकै अवस्थामा छ । कांग्रेसले बारा-२ गत चुनावमा माओवादी केन्द्रलाई छोडेको थियो भने चितवन-२ र तनहुँ-१ मा आफ्नै उम्मेदवार थियो । अर्का प्रतिस्पर्धी दल एमालेले यो उपनिर्वाचनमा बढाउने नीति लिएको छ ।

गत चुनावमा जसपालाई समर्थन गरेको बारा-२ मा यसपटक एमालेले आफ्नै उम्मेदवार उठाएको छ भने चितवन र तनहुँमा यसबाट पनि प्रतिस्पर्धी शक्ति थिए । यो तीन मध्ये कुनैपनि क्षेत्र गत चुनावमा नजितेकले एमालेलाई यो उपनिर्वाचन लाभ उठाउने अवसर रहेको छ ।

रविको राजनीति

दलगत र उम्मेदवारका रुपमा हेर्दा यो उपनिर्वाचन अरुलाई भन्दा रास्वपा सभापति रवि लामिछानेका निम्ति बढी अर्थपूर्ण देखिन्छ । किनकी पार्टी गठन भएको ६ महिना पुग्दा नपुग्दै दुई गठबन्धनसँग प्रतिस्पर्धा गरेको रास्वपाले प्रत्यक्षतर्फ ७ सिट जित्यो र कुल २१ सिटसहित संसदको चौथो ठूलो दल बन्यो ।

तर रास्वपाले पाएको यो मतलाई उसप्रतिको आकर्षणसँगै ठूलो दलहरुप्रति असन्तुष्ट मनिएको थियो । चुनावपछिको बितेको तीन महिने अवधिमा सत्तामा समेत बसिसकेकाले रास्वपा यो उपचुनावमा संसदको चौथो ठूलो दलको हैसियतमा सहभागी हुँदैछ । यसअर्थमा जनतासामू पहिलो परीक्षा पनि हो ।

११ पुसमा प्रचण्ड नेतृत्वको सरकारमा लामिछाने उपप्रधानमन्त्री एवं गृहमन्त्री बनेका थिए । उनको दलले एक राज्यसहित तीन मन्त्री पाएको थियो । तर नागरिकता विवादमा सर्वोच्च अदालतको फैसलाबाट १३ माघमा सांसदसँगै उपप्रधानमन्त्री एवम् गृहमन्त्री र पार्टी सभापतिबाट पदमुक्त भए । पदमुक्त भएका लामिछानेले गैरसांसदका रुपमा फेरि सरकारमा जान चाहेका थिए । तर प्रधानमन्त्री प्रचण्डले गृह मन्त्रालय दिन नमानेपछि रास्वपाले २२ माघमा सरकार छोड्यो ।

त्यसयता पनि लामिछानेको राजनीति 'जता सत्ता, उतै रास्वपा' जस्तो देखिएको छ । प्रधानमन्त्री पदका निम्ति प्रचण्डले एकपछि अर्को गठबन्धन फेरिरहँदा लामिछानले सधैं सँगै रहे । राष्ट्रपति चुनावमा कांग्रेस उम्मेदवारलाई भोट दिएको रास्वपाले ६ चैतमा प्रधानमन्त्रीलाई फेरि विश्वासको मत दियो । आफ्ना एजेण्डाहरु समावेश भए र मन्त्रालयमा सहमति भए अहिले पनि आफ्नो दल सरकारमा जानसक्ने रास्वपा नेताहरु बताउँछन् ।

यो उपचुनावमा रास्वपा र सभापति रवि लामिछानेले यो विषयमा जवाफ दिनुपर्ने देखिन्छ । किनकी प्रतिस्पर्धामा रहेका कांग्रेस र एमाले दुवै दलले रास्वपामाथि प्रश्न उठाउने संकेत गरेका छन् । तनहुँ १ मा पुगेका कांग्रेस महामन्त्री गगन थापा भन्छन्, 'तनहुँबासीले प्रश्न गर्नुपर्छ, पुष्पकमल दाहाल प्रचण्ड र केपी ओली मिलेर एउटा गठबन्धन बनाउँदै गर्दा किन मत हालेको ? केही दिनपछि गठबन्धनबाट किन निस्केको ? राष्ट्रपतिमा रामचन्द्रलाई किन मत हालेको ?'

मंसिरकै चुनावमा रविसँग पराजित भएका एमाले नेता कृष्णभक्त पोखरेल पनि सांसद भएपछि लामिछाने र उनको दल रास्वपालें गरेको सत्ता केन्द्रित गतिविधिलाई जनताको बीचमा लैजाने बताउँछन् । 'जान्लेलाई छान्ने भन्नुभयो तर उहाँ कति जान्ने रहेछन् भन्दा नागरिकता लिनुपर्छ भन्ने पनि थाहा नपाउने जान्ने रहेछन्' उनले भने, 'हिजो नै नट अगेन भन्नुभयो, आज उहाँलाई किन नभन्ने ?'

त्यसैले पुराना र प्रमुख दलहरुप्रति असन्तुष्ट मत पाएर राष्ट्रिय शक्ति बनेका रास्वपा सभापति लामिछानेलाई उपचुनाव राजनीतिक लाइफलाइन रहेको देखिन्छ ।

(स्रोत: अनलाइनखबर)

'प्रसाद २'लाई प्रदर्शन गर्न दिने सहमति

काठमाडौं/यही चैत २४ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'प्रसाद २'का निर्माता सुभाष थापाविरुद्ध प्रहरीमा बैंकिङ कसुर तथा ठगीको उजुरी, सेन्सर बोर्डमा फिल्मको सेन्सर रोक्न निवेदन, चलचित्र विकास बोर्डसहित विभिन्न फिल्म सम्बद्ध संघ-संस्थामा पैसा नपाएको भन्दै प्राविधिकदेखि कास्कीको होमस्टेसम्मले उजुरी हालेका थिए । जसले गर्दा फिल्मको प्रदर्शन अन्योल बनेको थियो ।

जताततै उजुरी परेका कारण फिल्म नै प्रदर्शन नहुने अवस्था आएपछि सोमबार निर्माता थापाले फिल्म रिलिज भएपछि सबै रकम तिर्नुपर्नेलाई तिरेर मात्र आफ्नो भागको रकम लिने बाचा गर्दै फिल्म प्रदर्शनको वातावरण मिलाइदिन फेसबुकमार्फत अनुरोध गरेका थिए । अन्ततः सोमबार चलचित्र विकास बोर्डमा बसेको उजुरीकर्ता सहितको बैठकले फिल्म प्रदर्शन गर्न दिने सहमति गरेको छ ।

बैठकले फिल्मको सेन्सर गर्न दिने लिखित निर्णय गर्दै सेन्सर भइसकेपछि फिल्म सम्बद्ध पाँचवटा संस्थाहरु निर्माता संघ, चलचित्र संघ, प्राविधिक संघ, निर्देशक समाज र कलाकार संघबाट बन्ने टिमले गर्ने निर्णयअनुसार फिल्म प्रदर्शनपछि प्राप्त हुने सबै रकम कुनै एक संस्थाको खातामा जम्मा गर्ने र प्राथमिकताको आधारमा होमस्टे, प्राविधिक र निर्मातालाई प्रदान गर्ने सहमति भएको हो ।

सेन्सर बोर्डमा परेको निवेदनका कारण प्रदर्शनका लागि तीन दिन बाँकी हुँदा समेत फिल्मको सेन्सर हुन सकेको थिएन । अब भने सेन्सरका लागि बाटो खुलेको छ । योसँगै फिल्म घोषित मितिमा नै प्रदर्शनमा आउने निश्चित भएको छ । बैंकिङ कसुर तथा ठगीको मुद्दामा निर्माता थापाविरुद्ध अदालतबाट पक्राउ पुर्जी जारी भैसकेको छ । अहिले उनलाई प्रहरीले खोजिरहेको जानकारीमा छ ।

के अनमोलले पूजा र सुदर्शनको फिल्म छाडेका हुन् ?

काठमाडौं/गत असार १९ गते अभिनेत्री पूजा शर्मले आफ्नो नयाँ फिल्मका लागि मुख्य अभिनेतामा अनमोल केसीसँग सम्झौता गरेकी थिइन् । पूजाको निर्माण र सुदर्शन थापाको निर्देशन रहने फिल्ममा अनमोल र पूजाको जोडी बाँधिने बताइएको थियो । तर, केही दिनयता अनमोलले यो फिल्मबाट हात झिकेको गाइँगुइँ छ । उनले फिल्म साइन गर्दाखेरि बुझेको रकम समेत फिर्ता गरिसकेको बताइन्छ ।

गत फागुनमा प्रदर्शित फिल्म 'छक्के २'मा निर्वाह गरेको क्यारेक्टर दर्शकले नरुचाएपछि अनमोल तत्काल फरक खालको भूमिका गर्ने सोचमा छैनन् । पूजा र सुदर्शनको फिल्ममा फरक भूमिका र लुक्समा प्रस्तुत हुनुपर्ने भएपछि उनले काम नगर्ने निर्णय गरेको बताइन्छ । तर, निर्देशक सुदर्शन थापाले अनमोलले फिल्म छाडेको चर्चामा एक प्रतिशत पनि सत्यता नभएको दाबी गरेका छन् ।

उनले भनेका छन्, 'अनमोलले फिल्म छाडेको कुरामा एक प्रतिशत पनि सत्यता छैन । हामीबीच नियमित रुपमा छलफल भैरहेको छ । सम्भवतः अबको ५/६ दिनमा केही टुंगो लाग्न सक्छ । हामीले नर्मल चाहेको चीज अलि 'हेभी' भएका कारण पनि समय लागेको हो ।'

सुदर्शनले फिल्म निर्माणको 'च्याप्टर क्लोज' भएको चर्चालाई पनि अफवाह बताएका छन् ।

पूजा र सुदर्शनले केही समयअघि स्क्रिप्ट लेखनका लागि भारतबाट राइटरहरु झिकाएका थिए । करिब दुई हप्ता स्क्रिप्ट राइटिङको काम भएको थियो । तर, फिल्मको काम स्क्रिप्ट लेखनभन्दा अगाडि बढ्न सकेको छैन । स्क्रिप्टमा अनमोलको चरित्र निकै पृथक र चुनौतीपूर्ण

निस्किएको स्रोत बताउँछ । तर, 'छक्के २'को असफलताले अनमोल तर्सिए नै, पूजा-सुदर्शन पनि नराम्रारी झस्किए ।

केही हप्ता अगाडि पूजाले एक भिडियो अन्तर्वार्तामा आफूले अनमोललाई फरक रुपमा देखाउने सोचसहित फिल्मको परिकल्पना गरेको बताएकी थिइन् । उनले भनेकी थिइन्, 'यो फिल्म खासमा मेरो लागि भन्दा पनि अनमोललाई नै 'बेस्ट' देखाउँछु भनेर सुरु गरेको हुँ । यो फिल्म आज या भोलि नै हुँदैन । यसमा अनमोलको पूरै लुक्स परिवर्तन गर्नुपर्ने हुन्छ । त्यसैले केही समय लाग्नेछ ।'

लिटरमै १० रुपैयाँले घट्यो डिजेल र मटीतेलको मूल्य



काठमाडौं/नेपाल आयल निगमले इन्धनको मूल्यमा भारी कटौती गरेको छ । सोमबार बसेको निगम सञ्चालक समिति बैठकले डिजेल, मटीतेल र हवाई इन्धनको मूल्य लिटरमा १०/१० रुपैयाँले र पेट्रोलको मूल्य लिटरमा ३ रुपैयाँले घटाउने निर्णय भएको निगमका कार्यकारी निर्देशक उमेशप्रसाद थानीले जानकारी दिए ।

सोमबार बसेको बोर्ड बैठकले डिजेल, मटीतेल र दुवै प्रकारका हवाई इन्धनमा प्रतिलिटर १० रुपैयाँ र पेट्रोलको मूल्य लिटरमा ३ रुपैयाँले घटाउने निर्णय गरेको छ' थानीले भने, 'खाना पकाउने ग्यासको मूल्य भने हाललाई यथावत् राखिएको छ ।'

निगम सञ्चालक समितिको सो निर्णयसँगै अब डिजेल र मटीतेलको खुद्रा मूल्य प्रतिलिटर १६५ रुपैयाँ कायम भएको छ । यसअघि डिजेल र मटीतेलको खुद्रा मूल्य १७५ रुपैयाँ लिटर थियो । यस्तै हवाई इन्धन आन्तरिक र बाह्यतर्फ पनि औसत लिटरमा१० रुपैयाँले मूल्य घटेको छ । घटेपछिको नयाँ मूल्य अनुसार हवाई इन्धन आन्तरिकतर्फ १६० रुपैयाँ प्रतिलिटर र बाह्यतर्फ डलर १.३५० प्रतिकिलोलिटर कायम भएको छ ।

यस्तै पेट्रोलको मूल्य लिटरमा ३ रुपैयाँले घटाएर १७५ रुपैयाँ कायम गरिएको छ । खाना पकाउने ग्यासको मूल्य भने प्रतिसिलिण्डर १८ सय रुपैयाँमै यथावत् राखिएको छ । पछिल्लो समय भारतबाट मूल्य घटेर आएको र इन्धनको उच्च मूल्यका कारण अर्थतन्त्र नै शिथिल बन्न थालेपछि आर्थिक चापका बाबजुद निगम मूल्य कटौती गर्ने अवस्थामा पुगेको निगमका कार्यकारी निर्देशक थानीले दाबी गरे । शनिबार भारतीय आयल कर्पोरेसन (आईओसी) बाट घटेर इन्धनको नयाँ मूल्य प्राप्त भएको थियो । जसअनुसार खाना पकाउने ग्यासको मूल्य प्रतिसिलिण्डरमा ३० रुपैयाँ, पेट्रोल लिटरमा १ रुपैयाँ ५० पैसा र डिजेलको मूल्य लिटरमा ७ रुपैयाँले घटेर आएको थियो ।

घटेको नयाँ मूल्यपछि निगमलाई १५ दिनमा एक अर्ब ५० करोड रुपैयाँ बढी नाफा हुने प्रक्षेपण गरेको थियो । अघिल्लो पटक पनि घटेर नयाँ मूल्य आउँदा पनि मूल्य समायोजन नगरेको निगमले यस पटक भने घटेर प्राप्त भएको नयाँ मूल्यभन्दा पनि बढीले उपभोक्ता मूल्य समायोजन गरेको हो ।

बितेको १५ दिनमा निगमलाई ५८ करोड रुपैयाँ बढी नाफा थियो । डिजेल मूल्यलाई लिएर सरकारको पूँजीगत खर्चसमेत हुन नसकेको गुनासो निजी क्षेत्रले गरिरहेका थिए । निगमले भने गत वर्षको घाटाको बक्यौता र ऋणका कारण अझै निगम वित्तीय दायित्वले थिचिएको दाबी गरिरहेको थियो ।

निगमका कार्यकारी निर्देशक थानीकाअनुसार निगमलाई अझै सरकारको ६ अर्ब ५० करोड ऋण र आइओसीको ८ अर्ब रुपैयाँ बक्यौता बाँकी छ । तर, अर्थतन्त्र चलायमान गराउन र महँगी नियन्त्रणका लागि डिजेलको मूल्य कटौती गरेर राहत दिने प्रधानमन्त्रीको चाहना बमोजिम मूल्य घटाउने निर्णयमा निगम पुगेको हो ।

नेपालमा ओमिक्रोनका ९ सबभेरियन्ट सक्रिय

काठमाडौं/नेपालमा अहिले ओमिक्रोनका ९ वटा सबभेरियन्ट सक्रिय रहेको पाइएको छ । यसमा पछिल्लो पटक भेटिएको एक्सबीबी.१.१६ सबभन्दा धेरै छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार चैत महिनामा संकलन गरिएका २४ वटा नमुनाको निजी सिक्वेन्सिङ गरिएको थियो, जसमा २४ वटैमा ओमिक्रोन भेरियन्ट भेटिएको छ । यसक्रममा पछिल्लो पटक भारतमा कोरोना संक्रमण फैलिएको ओमिक्रोन एक्सबीबी.१.१६ सहितका ९ वटा सबभेरिएन्ट छन् ।

२४ नमुनामध्ये ९ वटामा ओमिक्रोन एक्सबीबी.१.१६ पुष्टि भएको मन्त्रालयले जनाएको छ । ओमिक्रोनकै दुई सबभेरियन्ट मिलेको बनेको यो यो निकै संक्रामक मानिन्छ ।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका डा. अभियान गौतम भन्छन्, 'यो नजिताले संसारको कुनै पनि कुनामा म्युटेसन भएको सबभेरिएन्ट तुरुन्तै नेपालमा आएको छ र नेपालमा रोकथामका लागि कुनै पनि उपाय अपनाइएको छैन भन्ने देखाएको छ ।'

उनका अनुसार ओमिक्रोन एक्सबीबी.१.१६ ले हालसालै भारतमा संक्रमण बढाएको थियो । त्यसको करिब दुई सातामा यो संक्रमण नेपाल भित्रिएको स्थल मार्गबाट नेपाल आउनेहरुको नमुना परीक्षणले देखाएको थियो ।

डा. गौतमका अनुसार नेपालमा अबका दिनहरुमा कोरोना संक्रमण अझ बढ्नेछ । किनकी मास्क लगाउन, समाजिक दुरी कायम गर्ने जस्ता सावधानीका उपायहरु अपाइएको छैन । उनले भने, 'भ्याक्सिन लगाएकाहरु धेरै डराउनुपर्दैन । तर खोप नलगाएका तथा रोग प्रतिरोधात्मक क्षमता कम भएकाहरुलाई गाह्रो पार्नसक्छ ।'

'जारी' र 'बुलाकी': एउटै कथासार, एउटै रिलिज डेट

काठमाडौं/एउटै मितिमा एकभन्दा बढी फिल्म रिलिज हुनु अब सामान्य भैसकेको छ । यस वर्ष त भन् कोरोना महामारीले अड्किएका र नयाँ निर्माण भएका फिल्म एकै मितिमा भिडिरहेका छन् । आगामी बैशाख १ गते चार फिल्म 'बुलाकी', 'नाई नभन्नू ल ६', 'जारी' र 'बिहे पास' भिड्दैछन् । यसमध्ये 'बुलाकी' र 'जारी'को रिलिज डेट मात्र होइन, कथासार समेत एउटै छ । दुवै जारी प्रथामा बनेका हुन् ।

'बुलाकी'ले कर्णाली क्षेत्रमा प्रचलनमा रहेको जारी प्रथाको विषयलाई बोलेको छ भने 'जारी'ले लिम्बु समुदायमा रहेको जारी प्रथालाई मुख्य विषयवस्तु बनाएको छ । दुवै फिल्मको ट्रेलरले बलियो दृश्यभाषाको छनक दिन्छ । तर, एउटै कथासार भएका दुई फिल्म एकसाथ प्रदर्शनमा आउँदा दर्शक बाँडिने सम्भावना हुन्छ । यद्यपि, कथावस्तुका कारण दुवै फिल्मप्रति दर्शकमा अपेक्षा उच्च छ ।

'बुलाकी'की मुख्य अभिनेत्री सुरक्षा पन्त दुई फिल्मको भिडन्तलाई स्वस्थ प्रतिस्पर्धाको रुपमा लिन्छिन् । उनले केही दिनअघि ट्रेलर रिलिज कार्यक्रममा भनेकी थिइन्, 'दुईटा विभिन्न भेगको कथामा दुई फिल्म बनेको छ । आखिर तारीको दुःख र भोगाई त एउटै त रहेछ नि । र, मेरो विचारमा दुवै फिल्म हेर्नुपर्छ । जारी प्रथालाई अन्त्य गर्ने गरी बनेको दुवै फिल्मलाई हामी सबैले सहयोग गरौं ।'

जारी प्रथाको बारेमा विस्तृतमा थाहा दिन 'बुलाकी' बनेको बारेमा हामी कतिलाई विस्तृतमा थाहै छैन । जारी प्रथा हँदा समाजसँगै महिला र पुरुषको मनोविज्ञान के हुन्छ भन्ने बुझ्न र यो व्यवस्था अझै 'प्राक्टिस' भैराखेको छ भन्ने महसुस गराउन पनि यो फिल्म बनेको हो,' उनले भनिन् । 'बुलाकी'ले समाजमा परिवर्तन ल्याउन भूमिका खेल्ने उनको विश्वास छ ।

त्यस्तै, निर्देशक लक्ष्मण सुनारले 'बुलाकी' र 'जारी'को थिम एउटै भए पनि दुवै फरक-फरक भूगोल र संस्कृतिमा बनेको स्पष्ट पारे । 'हामीले पश्चिमको कथा भनेका छौं भने 'जारी'ले पूर्वको कथा भनेको छ । उहाँहरुले आफ्नो कन्चरम फिल्म बनाउनुभएको छ र हामीले आफ्नो कन्चरमा बनाएका छौं । दुवै फिल्मको स्किनप्ले पनि फरक छ । यद्यपि, जारी प्रथा साझा कथा हो,' सुनारले भने ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई दुक्क हुनुहोस् ।
एक वर्षको वारेन्टीका साथै दुई वर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140,
057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

"तपाई हामी सबैको कुरा"
साझाकुरा
कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।
प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत
साझाकुरा
राष्ट्रिय दैनिक
वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com

मुख्यमन्त्री र लामाको व्यस्तताले कार्यदल बैठक बस्न सकेन्

साझाकुरा संवाददाता

हेटौंडा, २० चैत/गठबन्धन दलबीच सरकारको भागबण्डा नमिल्दा बागमती प्रदेशमा मन्त्रिपरिषद् विस्तारमा ढिलाई भइरहेको छ ।

विकास बजेट खर्चमा हरेक वर्ष कमजोर रहँदै आएको बागमतीमा लामो समयसम्म मन्त्रिपरिषद् विस्तार हुन नसक्दा चालू आवमा झन कमजोर आर्थिक प्रगति हुने देखिएको छ । निवर्तमान मुख्यमन्त्री राजेन्द्र पाण्डेको नेतृत्वमा चालू आव २०७९/०८० का लागि बजेट ल्याइएको थियो । बजेट ल्याउँदा हालका मुख्यमन्त्री शालिकराम जम्कट्टेल आर्थिक मामिला तथा योजनामन्त्री थिए । तर, गत पुसमा नयाँ सरकार गठनसँगै गठबन्धन टुटफुट र फेरि नयाँ गठबन्धन निर्माणले झण्डै ३ महिना सरकार रुमल्लिएको छ । विकासमा केन्द्रित हुनुपर्ने सरकार २५ पुसदेखि चैत तेस्रो सातासम्म सत्ता केन्द्रित राजनीतिमै अड्किएको हो ।

नेकपा एमाले र राप्रपाको समर्थनमा २५ पुसमा नेकपा माओवादी केन्द्रका जम्कट्टेल मुख्यमन्त्री नियुक्त भएका थिए । उनी मुख्यमन्त्री भएको छोटो समयमै माओवादी केन्द्रका अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले कांग्रेस, एकीकृत समाजवादी, जसपा, लोसपालगायतका दलसँग पुनः अर्को गठबन्धन गरेपछि अस्थिरत आएको थियो ।

केन्द्रमा गठबन्धन परिवर्तन भएपछि त्यसको प्रत्यक्ष प्रभाव बागमतीमा पनि परेको हो । जसकारण बागमतीमा फेरि कांग्रेस, एकीकृत समाजवादीको सरकार गठन हुँदैन् । तर, सोमबार साँझसम्म सरकार विस्तार हुन सकेको छैन् । माओवादी, कांग्रेस र एकीकृत समाजवादीबीच भागबण्डा नमिल्दा बागमतीमा मन्त्रिपरिषद् विस्तार अनिश्चित बनेको हो ।

भागबण्डा टुंग्याउन कार्यदल गठन गरेपनि हालसम्म दलहरुबीच सहमति हुन सकेको छैन । कार्यदलमा सहमति हुन नसकेपछि मुख्यमन्त्री शालिकराम जम्कट्टेल र नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता बहादुरसिं लामासहितको कार्यदल बैठक बस्ने तयारी भएको छ । तर, मुख्यमन्त्री जम्कट्टेल र लामा व्यस्त भएपछि सोमबार कार्यदलको बैठक बस्न सकेन । माओवादी केन्द्र संसदीय दलका उपनेता रत्न ढकालले मुख्यमन्त्री जम्कट्टेल र लामाको व्यवस्ताको कारण सोमबार कार्यदल बैठक बस्न नसकेको बताए । उनले कार्यदलमा सहमति जुट्न नसकेपछि जम्कट्टेल र लामालाई नै राखेर सहमतिको प्रयास खोजिने बताए ।

भागबण्डा टुंग्याउन गठित कार्यदल निरन्तर छलफलमा बसे पनि सहमति हुन सकेको छैन । मन्त्रालय भागबण्डामा गठबन्धनका नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा (एकीकृत समाजवादी)ले आ-आफ्नै अडान कायम राखेका छन् । १० चैतमा विश्वासको मत लिएका मुख्यमन्त्री जम्कट्टेलले सरकार विस्तार गर्न सकेका छैनन् । ११ सदस्यीय मन्त्रिपरिषद्मा मुख्यमन्त्रीसहित ४ वटा मन्त्रालय माओवादी केन्द्रले सम्हालिरहेको छ । बाँकी मन्त्रालयमा भागबण्डा मिल्न नसकेको हो । सत्तारुढ गठबन्धनका नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीको दाबी १४ वटा मन्त्रालय पुगिसकेको छ । तर, ११ वटा मन्त्रालय मात्रै रहेकाले दाबी संख्या घटाउनुपर्नेमा दलहरु छन् ।

६ वटा मन्त्रालयमा नेपाली कांग्रेस, एकीकृत समाजवादीले ३ र हाम्रो नेपाली पार्टीले १ वटा मन्त्रालयमा दाबी गरेको हो । नेपाली कांग्रेसले ६ मन्त्रालयको दाबी नछोडेपछि भागबण्डा टुंग्याउन नसकेको कार्यदलका एक सदस्यले बताएका छन् । तर, माओवादी कांग्रेसलाई ५ वटासम्म मन्त्रालय दिन सबने अडानमा छ । एकीकृत समाजवादीले ३ वटा दाबी गरेकोमा २ वटासम्म दिने जनाइएको छ । यसो हुँदा कांग्रेसले ५ वटा, माओवादी केन्द्रले ४ वटा र एकीकृत समाजवादीले २ वटा मन्त्रालय पाउने सम्भावना छ । तर, कांग्रेसले ६ वटा मन्त्रालयको दाबी छोड्न मानेको छैन । कांग्रेसले आफू ६ वटा मन्त्रालय लिएर, माओवादीले मुख्यमन्त्रीसहित ३ वटा मात्रै मन्त्रालय लिएर गठबन्धनका बाँकी दललाई मन्त्रालय बाँड्नुपर्ने अडान लिएको हो ।

तर, माओवादी लिइसकेको ४ वटा मन्त्रालय घटाउन असहमत देखिएको छ । कांग्रेस र माओवादीको लडाईले सरकार विस्तार रोकिएको हो । बागमती प्रदेशसभामा कूल ७ वटा दलको प्रतिनिधित्व रहेको छ । प्रदेशसभामा नेपाली कांग्रेसको ३७, एमालेको २७, माओवादीको २१ र राप्रपाको १३, एकीकृत समाजवादीसँग ७, नेमकिपासँग ३ र हाम्रो नेपाली पार्टीसँग २ मत छ । एकसय १० सदस्यीय प्रदेशसभामा सरकार गठनका लागि ५६ सांसद् भए पुग्छ । जुन, कांग्रेस र माओवादीको संख्या नै पर्याप्त छ । सरकार गठनमा एकीकृत समाजवादीको मत थप हुन आउँछ ।

सहकारीबाट नागरिकको आर्थिक समुन्नती: प्रदेश प्रमुख

साझाकुरा संवाददाता

हेटौंडा, २० चैत/ सोमबार नेपालमा मनाइँदै गरिएको ६६ औं राष्ट्रिय सहकारी दिवसका अवसरमा बागमती प्रदेशका प्रदेश प्रमुख यादवचन्द्र शर्माले शुभकामना व्यक्त गरेका छन् ।

विस २०१३ साल चैत २० गते चितवनमा बखानपुर ऋण सहकारी संमिति स्थापना भएको स्मरण गर्दै नेपालमा राष्ट्रिय सहकारी दिवस मनाईँदैछ । प्रमुखले 'सबैका लागि एक र एकका लागि सबै भन्ने मूल ध्येय लिई सञ्चालित सहकारीमा संलग्न सबैमा यस अवसरमा शुभकामना व्यक्त गरेका छन् । प्रदेश प्रमुखको शुभकामना सन्देशमा समुदायमा छरिएर रहेको पुँजी, प्रविधि र प्रतिभालाई एकीकृत गरी सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरणका लागि सहकारी अभियान प्रभावकारी हुनुपर्नेमा जोड दिइएको छ ।

शर्माले आर्थिक वृद्धि र दिगो विकास गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र विकासमार्फत् उपलब्ध साधन एवं स्रोतको अधिकतम परिचालन गर्ने कुरा संविधानमै उल्लेख गरी सहकारीलाई तीनखम्बे अर्थनीति मध्येको एक खम्बा मानिएको बताए । संघ, प्रदेश र स्थानीय तहको अधिकार क्षेत्रमा राखी यसको विकास, नियमन तथा प्रवर्द्धनका कार्यमा जोड दिइएको समेत प्रमुखले आफ्नो शुभकामना सन्देशमा उल्लेख गरेका छन् । 'यसबाट हाम्रो देशमा सहकारी कार्यक्रमहरुको समुचित उत्थान भइरहेको छ र यो खुशीको विषय हो ।', शुभकामना सन्देशमा भनिएको छ ।

आर्थिक क्षेत्रमा रहेका असमानताहरुमाथि हस्तक्षेपकारी भूमिका खेल्दै नागरिकको आर्थिक समुन्नतीमा सहकारिताबाट सघाउ पुग्नुपर्नेमा प्रमुख शर्माको जोड छ । अझ दुर्गम क्षेत्रका विपन्न वर्गलाई यस अभियानमा समेटी उनीहरुलाई विभिन्न स्वरोजगारका अवसर सिर्जना गराउन यसका अभियन्ताहरु निरन्तर लागिपर्नु आवश्यक देखिएको शर्माले उल्लेख गरे ।

उनले सहकारी संस्थाहरु पनि वित्तीय अनुशासन पालना गर्दै समुदायमा आधारित, सदस्य केन्द्रित र यसको मूल्य मान्यता, सिद्धान्त र मर्म अनुरुप अघि बढेमा सहकारी अभियान थप सार्थक बन्ने विश्वास व्यक्त गरेका छन् ।

महिला जनप्रतिनिधिलाई क्षमता विकास तालिम

साझाकुरा संवाददाता

हेटौंडा, २० चैत/हेटौंडा उपमहानगरपालिका क्षेत्रका विभिन्न वडामा निर्वाचित भएका महिला जनप्रतिनिधिका लागि नेतृत्व तथा क्षमता विकास तालिम सुरु भएको छ ।

हेटौंडा उपमहानगर पालिका महिला तथा बालबालिका महाशाखाको आयोजनामा सुरु भएको तालिमको उपमहानगरका कार्यवाहक नगरप्रमुख राजेश बानियाँले सोमवार उद्घाटन गरेका छन् । तालिमको उद्घाटन गर्दै कार्यवाहक नगर प्रमुख बानियाँले तालिममले महिला जनप्रतिनिधीको नेतृत्व तथा क्षमता विकासमा सहयोग पुग्ने विश्वास व्यक्त गरे । उनले यस्ता तालिमले भोलिका दिनमा सामाजिक नेतृत्वका हिसाबले अघि बढ्न महत पुग्ने बताए ।

सामाजिक विकास समितिमा संयोजक तथा हेटौंडा-१६ का अध्यक्ष रामकृष्ण कोइरालाको अध्यक्षतामा भएको तालिममा हेटौंडा-२ का वडाअध्यक्ष विष्णुगोपाल महर्जन, उपमहानगरका प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाई, महिला तथा बालबालिका महाशाखा प्रमुख विष्णुकुमारी लामिछानेलगायतको अतिथ्यता थियो । १९ वडामा निर्वाचित महिला जनप्रतिनिधिको सहभागिता रहेको तालिम ५ दिनसम्म हेटौंडाको गैर सरकारी संस्था महासंघको हलमा सञ्चालन हुनेछ ।

तालिममा सहभागीलाई प्रमुख प्रशिक्षक सोनालाल चौधरी, सहायक प्रशिक्षक अशोककुमार कामतीले सहजिकरण गर्ने छन् । तालिममा भाषण कला, उद्घोषण कला, जनतालाई वडाबाट दिने सुविधा क्रममा अवलम्बन गर्ने स्वभाव, व्यवहार, वडामा हुने योजना तर्जुमा र कार्यान्वयनसहित व्यक्तित्व विकासका लागि आवश्यक विषयका बारेमा बाहिरबाट आएका प्रशिक्षकले सहजीकरण गर्ने बताइएको छ । तालिमका क्रममा हेटौंडा उपमहानगरका विभिन्न महशाखा र शाखाले दिने सेवा र तिनका प्रक्रियाका बारेमा महाशाखा तथा शाखा प्रमुखले सहजिकरण गर्ने महिला तथा बालबालिका महाशाखा प्रमुख विष्णुकुमारी लामिछानेले जानकारी दिइन् ।

चलचित्र बोर्डमा हेटौंडाका केसी

हेटौंडा, २० चैत/नेपाल सरकार सूचना तथा संचार मन्त्रालयअन्तर्गतको नेपाल चलचित्र विकास बोर्डको सदस्यमा हेटौंडाका चलचित्रकर्मी राजु केसी नियुक्त भएका छन् । केसीलाई१९ चैतमा मन्त्रीस्तरको निर्णयानुसार सदस्यमा मनोनयन गरिएको हो । चलचित्र निर्माण प्रदर्शन तथा वितरण नियमावलीको नियम २१ (१)को खण्ड (च) बमोजिम चलचित्र विकास बोर्डको सदस्यमा केसीलाई बढीमा २ वर्षको लागि मनोनयन गरिएको हो । केसी चलचित्र निर्देशक तथा छायांकार हुन् ।

हेटौंडा सिमेण्ट उद्योग लिमिटेडको देहाय बमोजिमको कार्यको लागी

दरभाउपत्र आव्हानको सूचना

दरभाउपत्र ग्रुप नं ३४/०७९/०८०

(सूचना प्रकाशित मितिः २०७९/१२/२१)

यस उद्योगको कम्प्युटर, प्रिन्टर, फोटोकपी मेशिन, नेटवर्किङ्ग, बायोम्याट्रिक थम्ब मेसिन, RABH को PLC System तथा तौलपुलमा कम्प्युटर सम्बन्धि रेखदेख, मर्मत र सि.सि. क्यामेराको मर्मत, सम्भार तथा संचालन गर्न र सो सम्बन्धि मैपरि आउने कुनै समस्या भएमा समाधान गर्ने, आवश्यक तथ्याङ्क/प्रतिवेदन आदी प्राप्त गर्ने व्यवस्था मिलाउने लगायतका आवश्यक कार्य गर्न परेको हुदाँ उक्त कार्य गर्न इच्छुक योग्यता पुगेका पंजिकृत फर्म, आपूर्तकहरुबाट शिलबन्दी दरभाउपत्र प्रस्ताव आव्हान गरिन्छ । विस्तृत विवरणको लागि उद्योगको सूचना पाटीमा समेत हेर्न सक्नु हुनेछ ।

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
भरतपुर, चितवन

कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हानको सूचना !

सूचना प्रकाशित मितिः २०७९/१२/२१

कृषि ज्ञान केन्द्र चितवनको आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत साझेदारीमा तपसिलका कार्यक्रमहरु सञ्चालन गरिने हुँदा चितवन र मकवानपुर जिल्लाभित्रका ईच्छुक कृषि फर्म/कृषक समुह/कृषि सहकारीहरुले यो सूचना प्रकाशित भएको १५औं दिन (मिति २०८०/०१/०५)सम्ममा कार्यालय समय भित्र आईपुग्ने गरी देहाय बमोजिमका कागजात सहित निवेदन दर्ता गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराईच्छु । ईमेल akcchitwan@gmail.com मार्फत रमकवानपुर जिल्लाका प्रस्तावकहरुको हकमा कृषि विकास निर्देशनालय, हेटौंडामा रहेको कृषि ज्ञान केन्द्र चितवनको सम्पर्क कार्यालयमा (सम्पर्क व्यक्ति सुजन तिवारीः ९८४७१४७२२२)समेत प्रस्ताव पेश गर्न सकिनेछ ।

तपसिलः

क्र.सं.	कार्यक्रमहरुको नाम	एकाई	परिमाण	कार्यक्रमको कुल बजेट (रु. हजारमा)	कैफियत
क.	रैथाने बाली प्रवर्द्धन कार्यक्रम				
१	रैथाने बालीको स्थानीय तथा उन्नत जातका बीउ वितरण	पटक	१	५००	पुनः सूचना
२	अनुदानमा ब्रेसिङ मेशिन उपलब्ध गराउने	संख्या	१०	७५०	
३	रैथाने बालीको प्याकेजिङ्ग र लेवलिङमा अनुदान	पटक/संख्या	२	४००	
४	उत्पादन विविधिकरणका लागि आवश्यक पर्ने ओभानलगायतका उपकरणमा अनुदान सहयोग	सेट	३	६००	
ख.	स्थानीय कृषकहरुको मागमा आधारीत उद्यमशिलता प्रवर्धन कार्यक्रम	संख्या	१०	१०००	

आवश्यक कागजातहरु

१) रु १०/- को टिकट टाँस गरेको निवेदन
२) कृषि फर्म/कृषक समुह/कृषि सहकारीको दर्ता प्रमाणपत्र, नविकरण, पछिल्लो समयको कर चुक्ता, प्यान दर्ता प्रमाण पत्र, संस्थाको योजना माग सम्बन्धमा गरिएको निर्णयको प्रतिलिपी
३) सम्बन्धित नगरपालिका/गाँउपालिकाको कृषि शाखाको कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारीस पत्र
४) सम्बन्धित संस्थाले जिम्मेवारी तोकेको प्रतिनिधि/सदस्यको नागरिकता प्रमाणपत्रको प्रतिलिपि तथा अख्तियारी पत्र
५) के गर्ने, कहाँ र कसरी, प्राप्त हुने प्रतिफल, लागत ईस्टिमेट इत्यादी खुलेको सामान्य प्रस्तावना
६) प्रस्तावित कार्यक्रम स्थलको फोटो र प्रस्ताव मूल्याङ्कनमा सहयोग हुने अन्य सहयोगी कागजात
७) खेती गरिने जमिनको लालपुर्जाको फोटोकपी/ लिजमा लिएको जमिन भए कम्तीमा ५ वर्षको करारनामाको प्रतिलिपि
८) अन्य कागजातहरु कार्यक्रम सँग सम्बन्धित स्वीकृत कार्यविधिमा उल्लेख गरेअनुसार

नोटः कार्यक्रम सम्बन्धि थप जानकारीको लागि यस केन्द्रको फोन नं ०५६४९३११५ वा ९८५५०९२२५५ मा सम्पर्क गर्न सकिनेछ ।

हार्दिक आमन्त्रण

जन्म २०१९-५-२२ मृत्यु २०७९-१२-१०

स्व. बाल कृष्ण गोपाल श्रेष्ठ

हाम्रो प्रातःस्मरणीय, मेरा पूजनीय पति एवम् हाम्रा पूजनीय पिता **स्व बालकृष्ण गोपाल श्रेष्ठको** असामायिक स्वर्गारोहण भएको पुण्यतिथीमा उहाँको आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । शोकको यस घडीमा हामीप्रति समवेदना प्रकट गर्नुहुने, सहयोग गर्नुहुने, सद्भाव व्यक्त गर्नुहुने, साथ्मा पाल्नुहुने सम्पूर्णप्रति कृतज्ञ हुँदै पितृप्रसाद ग्रहणको लागि हार्दिक आमन्त्रण गर्दछौं।

मिति:२०७९/१२/२२ **समय**: दिउसो २ बजे
स्थान:हेटौंडा-१० टिसिग्रन आफ्नै निवास, नेत्र ज्योति टोल

प्राथी
गीता श्रेष्ठ (श्रीमती)
बिजयकृष्ण श्रेष्ठ (छोरा)

पसल बिक्रीमा

हेटौंडाको स्कूलरोडमा चालु अवस्थामा रहेको श्री गणेश इलेक्ट्रोनिक्स पसल विशेष कारणबास बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. ९८०१३३२१२२

Samriddhi Finance Partnership for Prosperity
समृद्धि फाइनान्स कम्पनी लिमिटेड
Samriddhi Finance Company Limited
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था
रजिष्टर्ड कोन्द्रिय कार्यालयः हेटौंडा ९, मकवानपुर, फोन नं: ०७७-५२५१००/५२३२२९
E-mail: info@sfcl.com.np, Website: www.sfcl.com.np

पूर्व कर्मचारीलाई हिसाब किताब राफसाफ गर्न उपस्थित हुन आउने बारे अत्यन्त जरुरी सूचना

लक्ष्मण श्रेष्ठ

प्रकाशित मिति २०७९/१२/०६
पूनः प्रकाशित मितिः २०७९/१२/२१

यस संस्थाका तत्कालिन हेटौडा शाखामा कार्यरत पूर्व कर्मचारी, स्थायी ठेगाना पदमपोखरी ०९, मकवानपुरमा बस्ने वर्ष ३३ का श्री लक्ष्मण श्रेष्ठले यस संस्थाको सेवाबाट अवकाश लिँदा पूरा गर्नुपर्ने प्रक्रिया पुरा नगरी राफसाफ गर्नुपर्ने हिसाब किताब राफसाफ नगरेको र बुझ बुझारथ समेत नगरेको हुँदा यसै सूचना मार्फत, सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र सम्पर्कमा आइ आफ्नो हिसाब किताब राफसाफ गर्न सुचित गरिन्छ ।

"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"

आधुनिक सुन चाँदी पसल

हेटौंडा-२, पुरानो मकवानपुर रोड

हामीकहाँ आधुनिक डिजाइनका गार गाहना बनाउनुका साथै खरिद बिक्री गारिन्छ ।

प्रो. राजु सेन्चुरी
सम्पर्क नं. :
९८४५५३९५६३, ९८१५२२४३४३

कपडाहरुको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्लेजाइकेट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।

मेरिना ड्राई क्लिनिङ्ग स्पोट
नगरविकास रोड, हेटौंडा-४, ह्युचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

देशी घ्युको मिठाईको लागि एकमात्र स्थान

हिमालयन स्वीट एण्ड बेकरी

हेटौंडा-४, भृटनदेवी स्कूल अगाडि

शुद्ध शाकाहारी

हामीकहाँ बिना अण्डको केक पेष्ट्री, बिस्कुट, दिल्लीको मसहुर चाट, पानीपुरी, दहीपुरी, साउथ इन्डियन डोसा, इडली, सामबर, विभिन्न मिठाईहरु, बेकरी आइटम, आईसक्रिमहरु सुपथ मूल्यमा पाइन्छ ।

सम्पर्क नं. : ९८१४१८३३७२

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना